# पहिलो अध्याय

# शोध परिचय

## १.१ परिचय

विश्वको मानचित्रमा नेपाल एक भूपरिवेष्ठित मुलुकको रूपमा रहेको छ । नेपालले विश्वको कुल क्षेत्रफलको ०.०३ प्रतिशत र एशिया महादेशको कुल भूभागको ०.३ प्रतिशत क्षेत्रफल ओटेको छ । भौगोलिक दृष्टिकोणले हेर्दा नेपाल सानो मुलुक भए तापनि नेपाल भाषिक, जातीय, धार्मिक, सांस्कृतिक विविधतायुक्त देशको रूपमा चिनिन्छ । यसै कारणले गर्दा प्रसिद्ध भूगर्भवेत्ता टोनी हागनले नेपाललाई एशियाको जातीय संगमस्थल भनेका छन् । सन् २०११ को राष्ट्रिय जनगणना अनुसार नेपालमा १२६ भन्दा बढी जाति तथा जनजाती समूह रहेको कुरा उल्लेख गरिएको छ । उक्त सूचीमा जाति र जनजातीलाई अलग अलग रूपमा प्रस्तुत नगरे पनि आमरूपमा जाति र जनजातीलाई अलग रूपमा छुट्याएर हेर्ने प्रचलन देखिन्छ ।

नेपालमा बसोबास गर्ने अनेक जातिमध्ये थारू जाति पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म फैलिएर रहेको पाइन्छ । तराईको उत्तरी खोंच र चुरेको महाभारत पर्वतको भित्री मधेशमा विशेष गरी थारूहरूको वस्ती रहेको पाइन्छ ।[१] यस बाहेक नेपालको विभिन्न ठाउँमा फैलिएर रहेका थारू जातिलाई २०४८ सालमा तत्कालिन सरकारले जनजातीको रूपमा घोषणा गरेको थियो । थारूहरू नेपालको भित्री तराईका भूमिपुत्र वा आदिवासीको रूपमा पनि लिइन्छ ।[२] यिनीहरूलाई भाषिक आधारमा मैथिली, भोजपुरी, अवधि, बज्रभाषा वा खाजिबोली गरी विभिन्न समूहमा बाँड्न सकिन्छ । तर उनीहरू जुन जुन स्थानमा बसेका छन् त्यसै स्थानको भाषालाई केही अपभ्रंशसहित आफ्नै ढंगले उच्चारण गरी बोल्ने गरेको पाइन्छ ।[३] त्यसैले यिनीहरूको आफ्नै भाषा भए तापनि विभिन्न ठाउँका थारूहरू भेट हुँदा उनीहरू बीच एक आपसमा कुराकानी गर्ने माध्यम भाषाको रूपमा नेपाली भाषालाई प्रयोग गरेको पाइन्छ । थारूहरूलाई सांस्कृतिक

---

[१]. जनकलाल शर्मा, **हाम्रो समाजः एक अध्ययन**, (ललितपुरः साझा प्रकाशन, वि.सं. २०५८), पृ. ३५७ ।

[२]. महेश चौधरी, **नेपालको तराई तथा यसका भूमिपुत्रहरू** (दाङः शान्ति चौधरी, ग्रामीण महिला विकास संस्था, वि.सं. २०६४), पृ. ११७ ।

[३]. शर्मा, **पूर्ववत्** (पादटिप्पणी संख्या १), पृ. ३७५ ।

रूपमा मोरङ्या कोचिला, कोचिला, कठरिया, दगांहा, राना गरी विभिन्न भागमा विभाजन गरिएको छ । त्यसैगरी कुनै खास क्षेत्रमा बस्ने थारूहरूलाई ठाउँको आधारमा पनि वर्गीकरण गरेको पाइन्छ । जस्तैः मोरङमा बस्ने (मोरङिया) चितवनमा बस्ने (चितौनिया), दाङमा बस्ने दंगौरा इत्यादि ।[४]

थारूहरूको गाउँ प्रशासनको लागि आफ्नै जातीय संगठन हुने गरेको पाइन्छ । यिनीहरूको घर यति नै हुन्छ भनेर निश्चित भन्न सकिँदैन । लुगा, खानपान, गृह निर्माण, कला, हातहतियार, चाडपर्व, रहनसहन, संस्कार आदिमा पनि उनीहरूको आ-आफ्नै किसिमको संस्कृतिक प्रतिविम्वित भएको पाइन्छ । यद्यपि तराईभरि छरिएर रहेका थारूहरूको संस्कृति र परम्परा सबै ठाउँमा एकै किसिमको नभई विविधता रहेको पाइन्छ ।

थारूहरूको गाउँ प्रशासनको लागि आफ्नै जातीय संगठन हुने गर्दछन् । लुगा, खानपान, गृह निर्माण, कला, हातहतियार, चाडपर्व, रहनसहन, संस्कार आदिमा पनि उनीहरूको आ-आफ्नै किसिमको संस्कृतिक प्रतिविम्वित भएको पाइन्छ । यद्यपि नेपालभरि छरिएर रहेका थारूहरूको संस्कृति र परम्परा सबै ठाउँमा एकै किसिमको नभई विविधता रहेको पाइन्छ ।

तथ्याङ्क बिभागबाट प्राप्त २०६८ सालको जनगणनाअनुसार नेपालमा थारूहरूको कुल जनसंख्या १७,३७,४७० रहेको छ साथै भाषागत तथा जातिगत रूपमा उनीहरू चौथो स्थानमा रहेका छन् । विभिन्न समुदायमा विभाजित सबै थारूहरू एउटै पूर्खाका सन्तान हुन् भन्ने हालसम्म कुनै प्रमाण पाइएको छैन ।[५] बिभिन्न बिद्वानहरूले आ–आफ्ना लेखहरूमा थारूहरूको बारेमा तथा उनीहरूको प'र्खाहरूसम्बन्धी आफ्नै फरक धारणा ब्यक्त गरेको पाइन्छ । त्यस्तै बि.स.१३९३ को पुण्य मल्लको एउटा कनकपत्रमा महत (थारू समाजको मखिया चौधरी) को उल्लेख भएको पाइन्छ ।[६] विजयपुरका राजा महि सेनको दस्तावेजमा रनपाल चौधरीको नाम आएको छ । दाङ जिल्लामा थारूहरूको

---

४. मोदिनी प्रसाद शर्मा, **थारू जाति एक अध्ययन**, (ललितपुरः साझा प्रकाशन दो.सं., वि.सं. २०६४), पृ. ६८ ।

५. चौधरी, **पूर्ववत्**, (पादटिप्पणी संख्या २), पृ.८१-९२ ।

६. सूर्यमणि अधिकारी, **बाइसे राज्यको इतिहास**, (काठमाडौँ: भुँडीपुराण प्रकाशन, पहिलो संस्करण, वि.सं. २०६०), पृ. २४० ।

राज्य नै थियो र दंगीशरण नामका थारू राजा थिए भन्ने मानिएको छ ।[७] यसबाट थारूहरू यहाका प्राचीन बासिन्दाको रूपमा रहेको पाईन्छ । थारू शब्द कसरी रहन गयो भन्ने सम्बन्धमा विद्वानहरूले एकिनका साथ कसैले भन्न सकेका छैनन् । क;}n] "थार" शब्दबाट थारू भएको हो भनेका छन्, भने कसैले यिनीहरू बौद्धधर्मको स्थाविर शाखाका अनुयायीहरू हुन् जो पछि गएर थारू नामबाट परिचित भएको कुरा उल्लेख गरेको पाइन्छ ।

थारूहरू हिन्दू देवीदेवताको पूजा गर्ने भए तापनि आफ्नै जातिगत देवीदेवताहरूलाई विशेष रूपमा पूजा गर्ने गर्दछन् । यिनीहरूमा पारिवारिक तथा ग्रामको सामूहिक देवीदेवताहरूको पूजाआजा गर्ने परिपाटी पनि रहेको पाइन्छ । यिनीहरूको मुख्य पेशा कृषि रहेको छ ।[८] फुर्सदको समयमा थारू महिला तथा पुरूष दुवै मिली माछा मार्ने काम पनि गर्ने गर्छन् ।[९]

## १.२ समस्या कथन

नेपालको एक महत्वपूर्ण त्यसमा पनि खास गरी तराई क्षेत्रको आदिवासी वा भूमिपुत्रको रूपमा परिचित थारू जातिको थुप्रै अध्ययनहरू भइसकेको छ । तर नेपालको दाङ जिल्लाको टरिगाउँ गाविस वडा नं. ४ पढ्ढा गाउँका दलित थारूहरूको बारेमा खासै अध्ययन गरेको पाईbन । यसै कुरालाई मनन गरी तल उल्लेखित कुराहरूलाई बुँदागत रूपमा यस अध्ययनको लागि अनुसन्धान समस्याको रूपमा अंगीकार गरिएको छ ।

(क) दाङ जिल्ला, टरिगाउँ गाविस वडा नं. ४ पढ्ढा गाउँका दयित थारूहरूको जनजीवन, रीतिरिवाज र संस्कृतिको वर्तमान स्वरूपको बारेमा विस्तृत जानकारी नपाइनु,

(ख) यहाँका दयित थारूहरूका संस्कार तथा चाडपर्वहरूको वर्तमान स्थितिको बारेमा प्रकाशमा आएको नपाइनु,

---

७. टेकनाथ गौतम, **थारू जातिको इतिहास एवं संस्कृति** (दाङः थारू पुराण, शुशिल कुमार गौतम, वि.सं. २०४४), पृ. ७ ।

८. ईश्वर बराल, **थारू जाति र तिनको संस्कृति**, (नेपाल सांस्कृतिक परिषद् पत्रिका, वर्ष १, अङ्क १, वैशाख, वि.सं. २००९), पृ. ४७ ।

९. शर्मा, **पूर्ववत्**, (पादटिप्पणी संख्या १), पृ. ३६३ ।

(ग) उनीहरूमा वर्तमानमा आएको वा आउन लागेको परिवर्तनको स्थितिको बारेमा प्रस्टसँग प्रकाशमा नआउनु,

## १.३ अनुसन्धानको उद्देश्य

माथि उल्लेखित अनुसन्धान समस्यालाई सम्बोधन गर्न तयार पारिएको यस शोधपत्रमा निम्न लिखित उद्देश्यहरू रहेका छन्:–

(१) दाङ जिल्ला, टरिगाउँ गाविस वडा नं. ४ पढ्ढा गाउँका दयित थारूहरूको जनजीवन, संस्कृतिको बारेमा विस्तृतमा प्रकाशमा ल्याउनु ।

(२) दाङका दयित थारू जातिका संस्कार तथा चाडपर्वहरूको स्वरूप बारे प्रकाश पार्नु ।

(३) यहाँका दयित थारूहरूको परिवर्तनको वर्तमान स्थितिबारे उल्लेख गर्नु ।

## १.४ अनुसन्धानको महत्व

मानिसले जन्मदेखि मृत्युसम्म आफ्नो जीवनचक्रमा विभिन्न प्रकारका रहनसहन, परम्परा, रीतिरिवाज, चाडपर्व र संस्कारहरूलाई अपनाउँदै आफ्नो जीवन निर्वाह गरिआएको हुन्छ । नेपालमा पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मको तराई क्षेत्रका विभिन्न जिल्लाहरूमा ठूलो संख्यामा थारू वस्तीहरू रहेका छन् । यसै सन्दर्भमा दाङ जिल्लाका थारूहरू आदिवासीको रूपमा परिचित छन् । तथापि देशका विभिन्न जिल्लामा बसोबास गर्दै आएको सबै थारूहरूमा भाषिक तथा सांस्कृतिक रूपले एकरूपता छैन । थारूहरू बीचको यही विविधताको कारणले गर्दा विभिन्न मानवशास्त्रीहरूको लागि थारू जाति विगतदेखि नै रूचि र खोजको विषय बन्दै आएको छ । तसर्थ प्रस्तावित यस अध्ययन पश्चिम भित्री मधेशका दयित थारूहरूको बसोबास रहेको टरिगाउँ गाविस वडा नं ४ का थारूहरूमा केन्द्रित रहेको छ । यहाँका थारूहरूको मुख्य संस्कार र चाडपर्व कसरी मनाउँछन् र आजको परिवर्तित सन्दर्भमा उनीहरूको संस्कारमा आएको परिवर्तन तथा अन्य जातजातीहरूको कस्तो प्रभाव रहेको छ भन्ने कुरा सोचनीय रहेको छ । विकासको दृष्टिकोणले त्यस क्षेत्रको अन्य गाविसभन्दा केही अगाडि रहेको भए पनि थारूहरू आफ्नै किसिमले आफ्ना संस्कार तथा चाडपर्वहरू मनाउँदै आएका छन् । यो समुदायले हालसम्म पनि आफ्नो परम्परा, रीतिरिवाज, संस्कार, चाडपर्व, मूल्य

मान्यताहरूलाई केही हदसम्म जीवित राखेको पाइन्छ । प्रस्तावित अध्ययनले यस गाविसका थारूहरूको रीतिरिवाज र सांस्कृतिक परम्परालाई विस्तृत रूपमा अध्ययन गरी प्रकाशमा ल्याइएको छ ।

## १.५ पूर्वसाहित्य समीक्षा

*नगेन्द्र शर्मा*द्वारा लिखित **नेपाली जनजीवन,** ललितपुरः साझा प्रकाशन, २०३२ नामक पुस्तकमा नेपालका प्रायः सबै प्रमुख जनजातीहरूको बारेमा उल्लेख गरिएको छ । यसै पुस्तकमा थारूहरूको बारेमा पनि संक्षिप्त रूपमा बयान गरिएको छ । खासगरी थारूरूको वासस्थान, उत्पत्ति, संस्कृति, रहनसहन, परम्परा आदिको बारेमा जानकारी दिइएको छ । यसमा थारूहरूको संस्कारको बारेमा संक्षिप्त जानकारी दिइए तापनि थारूहरूले मनाउने विभिन्न चाडपर्वहरूको बारेमा भने केही उल्लेख गरिएको छैन ।

*जगमान गुरूङ*द्वारा लिखित **"थारू शब्दको अर्थ",** नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानबाट प्रकाशित हुने त्रैमासिक पत्रिका प्रज्ञाको वर्ष १०, अंक ३ मा, २०३८ मा छापिएको छ । यो लेखमा लेखकले थारू शब्दको अर्थ भन्ने शीर्षक दिए पनि यस बाहेक थारू सम्बन्धी अन्य विषयवहरूलाई पनि समावेश गरेका छन् । अर्थात् यहाँ थारूको आदिम बसोबास स्थल हिमालय प्रान्त भएको र कृषियोग्य भूमि एवं न्यानो ठाउँको खोजीमा यिनका पूर्वजहरू मधेशमा आएर बसेका हुन् ।थारू संस्कृति र शारीरिक संरचनाका आधारमा मगरसँग र रहनसहन, भेषभुषाका आधारमा ज्यापुसँग यिनीहरूको समानता भएको तर्क अघि सारेका छन् । यस लेखमा अन्य लेखकहरूले थारूहरूको आदिस्थल, प्रजाति, थारू शब्दको अर्थ सम्बन्धमा दिएका मतहरूको पनि संक्षेपमा उल्लेख गर्नुभएको छ । यस लेखको महत्व थारू शब्दको उत्पत्ति सम्बन्धमा नयाँ मत दिनुमा रहेको छ ।

*द्रोणप्रसाद रजौरे*द्वारा लिखित **"थारू जातिको अध्ययन"** विषयक लेख पिछडिएका जातिहरूको सामाजिक, आर्थिक अध्ययन नामक पुस्तकको एउटा खण्ड हो । यस पुस्तकको सम्पादन डिल्लीराम दाहालले र नेपाल र एशियाली अनुसन्धान केन्द्र कीर्तिपुरले वि.सं. २०५६ सालमा प्रकाशनमा ल्याएको हो । यो पुस्तकमा एकै किसिमको अध्ययन विधि अपनाएर आर्थिक तथा सामाजिक दृष्टिले एकदमै पिछडिएका नेपालका पाँचवटा जातिहरूः धिमाल, कुमाल, बोटे, थारू र भाडका बारेमा सामाजिक, सांस्कृतिक स्थिति

तथा जातीय इतिहास केलाउने प्रयास गरिएको छ । यस लेखमा थारूहरूको ऐतिहासिक पक्ष बाहेक अरू सबै स्थलगत अध्ययनमा आधारित देखिन्छ ।

*ताम्ला उक्याव र श्याम अधिकारी*द्वारा लिखित **"थारू"** लेख श्री ५ को सरकार, स्थानीय विकास मन्त्रालय, राष्ट्रिय जनजाती विकास समितिद्वारा २०५७ (दो.सं.) मा प्रकाशित **नेपालका आदिवासी जनजाति**हरू नामक पुस्तकको एउटा अध्याय हो । ६९ पृष्ठ लामो यस पुस्तकमा जनजाति विकास समितिको परिचय, जनजातिको परिभाषा, जनसंख्या लगायत ६१ जनजातिहरूको संक्षिप्त विवरण दिइएको छ । पाँच अध्यायमा विभाजित यस पुस्तकको तेस्रो अध्यायमा थारू सम्बन्धी संक्षिप्त रूपमा विवरण प्रस्तुत गरिएको छ ।

*जनकलाल शर्मा*द्वारा लिखित **हाम्रो समाज एक अध्ययन,** ललितपुरः साझा प्रकाशन, (ते.सं.), २०५८ पुस्तकमा एउटा छुट्टै अध्याय **"नेपालका थारूहरू" पृ.३५७ मा** थारू विषयमा लेखिएको छ । यस पुस्तकमा लेखकले थारूहरूलाई नेपालको तराईको आदिवासी तथा शाक्य वंशको उत्तराधिकारीको रूपमा प्रस्तुत गरेका छन् । त्यसैगरी जारू जाति बौद्ध धर्मको स्थविर शाखाबाट विकृत भएर थारू हुन गएको हुन सक्ने आफ्नो मत दिएका छन् । लेखकले यस पुस्तकमा थारूहरूको धर्म, पेशा, व्यवसाय, संस्कार, शारीरिक वनोट, भेषभुषा, गरगहना, कला आदिको बारेमा संक्षिप्त रूपमा उल्लेख गरेका छन् । यस पुस्तकमा लेखकले कुनै ठाउँ विशेष तथा थर विशेषको थारू जातिको अध्ययनमा सीमित नभई समग्र थारूहरूको बारेमा अध्ययन गरेका छन् । त्यसैले यस लेखकमा दगौरा थारूहरूसँग कति कुराहरू मेल नखाने पनि हुनसक्छ, जुन प्रस्तावित अध्ययनले प्रकाश पार्ने जमर्को गरेको छ ।

*डा.मेदिनीप्रसाद शर्मा*द्वारा लिखित **थारू जाति एक अध्ययन,** विराटनगरः पूर्वाञ्चल साहित्यि प्रतिष्ठान, (दो.सं.), २०६०, पुस्तकमा थारू जातिको समग्र पक्षलाई समेट्ने प्रयास गरिएको छ । यसमा थारूहरूको विविध पक्षको बारेमा जस्तैः उनीहरूको उत्पत्ति, वर्गीकरण, भाषा, शिक्षा, साहित्य, विभिन्न संस्कार, रहनसहन, थारू नारीहरूको अवस्था, उनीहरूले मनाउने चाडपर्व आदिको बारेमा उल्लेख गरिएको छ । यस पुस्तकमा लेखकले अरूको विचार जस्ताको तस्तै उदृत गरेको र आफ्नो तर्कहरू र अरूको धारणालाई वा लेखलाई लेखकले आफ्नो भाषामा प्रस्तुत नगरेकोले कतिपय विषयवस्तु अस्पष्ट हुनुको

साथै भाषाशैलीमा भिन्नता देखिएको छ । त्यसैले यस पुस्तक थारूसम्बन्धी सूचनाको पोको भएर पनि विश्लेषणको अभाव खट्किएको महसुस हुन्छ ।

*हरिराम जोशी*द्वारा लिखित **नेपालका चाडपर्व,** काठमाडौँः जोशी रिसर्च इन्स्टिच्यूटका निमित्त, ई.सुशीलराम जोशी (प.सं.), २०६० नामक पुस्तकमा नेपालका विभिन्न जनजातीले मनाउने विभिन्न चाडपर्वहरूको बारेमा उल्लेख गरिएको छ । यसमा थारूहरूले मनाउने प्रमुख चाडहरू मध्ये माघी र फगुवा चाडको बारेमा विस्तृत रूपमा उल्लेख गरिएको छ । तर यसमा थारूहरूले मनाउने अन्य चाडपर्वहरूको बारेमा भने खासै उल्लेख भएको पाइँदैन ।

*डोरबहादुर विष्ट*द्वारा लिखित **सबैजातको फूलवारी,** ललितपुरः साझा प्रकाशन, (सा.सं.) २०६३ नामक पुस्तकमा थारूहरूको बारेमा हामी थारू शीर्षकमा थारूहरूको जनजीवनको विभिन्न पक्षहरू जस्तैः पेशा, वर्ग, थर, विभिन्न संस्कारहरू जस्तैः विवाह, मृत्यु, धर्म आदिबारे उल्लेख गरिएको छ ।

*महेश चौधरी*द्वारा लिखित **नेपालको तराई तथा यसका भूमिपुत्रहरू,** दाङः शान्ति चौधरी, ग्रामीण महिला विकास समाज (प.सं.) २०६४, नामक पुस्तकमा थारूहरूलाई तराईका भूमिपुत्र भनेर प्रस्तुत गर्न खोजिएको छ । तर यसमा अरू जातिहरू जस्तैः धिमाल, राजी, सतार, दनुवार, झाँगड आदिको बारेमा संक्षिप्त परिचय दिइएको छ । थारूहरूलाई तराईको कठिन वातावरणमा बाँच्ने जाति भनेर चित्रण गरिएको छ । यसमा सबै थारूहरूलाई समेट्न खोजिएको छ । नेपाल एकीकरण पूर्व र एकीकरण पश्चात थारूहरूको अवस्थबारे वर्णन गरिएको छ । तर यस पुस्तकमा थारूहरूको चाडपर्व र संस्कारको बारेमा स्पष्ट पारिएको छैन ।

## १.६ अध्ययनको सीमा

यस शोधपत्रमा पश्चिम नेपालको दाङ जिल्लाको टरिगाउँ गाविसमा बसोबास गर्ने थारू जातिहरूमा केन्द्रित रहेको छ । जसमध्ये ७०-७५ घरधुरी थारूहरूको रहेको छ ।

यस अध्ययनले थारू जातिको मुख्य संस्कारहरू तथा चाडपर्वहरूको साथै तिनीहरूको सांस्कृतिक मूल्यमान्यता, परम्परालाई अध्ययनको बिसय बनाई तिनीहरूको स्वास्थ्य, आर्थिक अवस्था र त्यस स्थानको सामाजिक संरचना आदिको पनि अध्ययन गरिएको छ ।

## १.७ अनुसन्धान पद्धति

### १.७.१ प्राथमिक स्रोत

**(क) प्रत्यक्ष अध्ययन तथा अवलोकन**

यस अध्ययनमा प्राथमिक तथ्याङ्क संकलन गर्ने क्रममा टारिगाउँ गाविसमा थारू समुदायको बसोबास भएको स्थलबाट सहयोगितामूलक अवलोकनको माध्यमबाट सूचनाहरू संकलन गरिएको छ । यस अन्तर्गत त्यहाँको थारू समुदायको प्रमुख संस्कार र चाडपर्वका साथै अन्य विविध पक्षहरूबारे सम्बन्धित समुदायमा पुगी अवलोकन पद्धति अपनाइएको छ ।

**(ख) अन्तर्वार्ता**

यस शोध अध्ययनको सिलसिलामा प्राथमिक तथ्याङ्क संकलन अन्तर्गत थारू समुदाय भित्रका जानकार तथा पाको व्यक्तिहरू र यस जाति सम्बन्धी अध्ययन गरेका विद्वान तथा जानकार व्यक्तिहरू एवं थारू जातीय संघसंस्थाहरूको प्रतिनिधिहरूसँग अन्तरवार्ता लिइएको छ । यस जातिको मौलिक संस्कार र चाडपर्वमा आएको परिवर्तन आदि विषयमा केन्द्रित रहेर अध्ययन क्षेत्र र अन्य क्षेत्रमा रहेका सम्बन्धित जातिका व्यक्तिहरूसँग पनि अन्तरवार्ता लिइएको छ । साथै स्थानीय गुरूवा, बडघर, जानकार व्यक्तिहरूसँग विशेष अन्तरवार्ता पद्धति पनि अपनाइएको छ ।

**(ग) तथ्याङ्क संकलन विधि**

यस अध्ययनसँग सम्बन्धित विषयमा प्राथमिक तथ्याङ्क अन्तर्गत उक्त स्थानका १५ जना व्यक्तिहरूसँग प्रत्यक्ष अन्तर्वार्ताको माध्यमबाट तथ्याङ्क संकलन गरिएको छ भने द्वितीयक स्रोतहरूलाई पनि प्रमुख आधार मानिएको छ । विभिन्न माध्यम तथा रूपमा प्रकाशित स्रोतरूको अलावा अध्ययन क्षेत्रमा भ्रमण गरी प्राथमिक तथ्याङ्क संकलन गरिएको छ । प्रस्तावित शोध अध्ययनको लागि थारू जातिसँग सम्बन्धित प्रकाशित तथा अप्रकाशित सामग्रीहरूलाई द्वितीयक स्रोतको रूपमा प्रयोग गरिएको छ । प्राथमिक तथ्याङ्क संकलनको लागि निम्नलिखित विधिहरू अपनाइएको छ ।

### (घ) अनुसन्धान ढाँचा

प्रस्तावित अध्ययनको विधि प्रथमतः विवरणात्मक हुनुको साथै अन्य अनुसन्धान विधिलाई पनि उपयोग गरिएको छ । साथै अवस्था हेरी आवश्यकतानुसार कतिपय अवस्थामा सम्बन्धित विषयका विज्ञहरूसँग औपचारिक वा अनौपचारिक सोधपुछ गरेर निश्चित धारणा बनाइने हुँदा वर्णनात्मक र विश्लेषणात्मक अनुसन्धान ढाँचालाई पनि अध्ययनको आधार बनाइएको छ ।

### (ङ) नमुना छनौट विधि

अध्ययन क्षेत्र दाङ जिल्लाको टरिगाउँ गाविसमा बसोबास गर्ने थारू जातिका मुख्य संस्कार र चाडपर्वसँग अध्ययन सम्बन्धित रहेको छ । यस गाविसको वडा नं. ४ मा पर्ने टरिगाउँमा बसोबास गर्ने ७०-७५ घरधुरी थारूहरू मध्ये १५-२० घरधुरीलाई साधारण नमूना छनौट विधि अन्तर्गत चिट्ठा प्रणालीद्वारा छनौट गरिएको छ ।

### १.७.२ द्वितीयक स्रोत

टरिगाउँ गाविस दाङका दयित थारूहरूको सामाजिक र सांस्कृतिक अध्ययन शीर्षक भएकोले आवश्यकता अनुसारको स्रोत र सामग्रीहरूको अध्ययनबाट पनि सामग्री संकलन गरिएको छ । यस सिलसिलामा विभिन्न पुस्तकहरू, प्रकाशित/अप्रकाशित स्रोत सामग्रीहरू र विषयसँग सम्बन्धित पत्रपत्रिकाका लेख तथा अन्य प्रकाशनहरू, पुस्तकालयका पुस्तकहरू आदि स्रोतबाट पनि सामग्री संकलन गरिएको छ ।

## १.८ अनुसन्धानको अध्याय विभाजन

यस शोधपत्रलाई अध्ययन तथा विश्लेषण गरी निम्न बमोजिम अध्यायहरूमा विभाजत गरी क्रमबद्ध रूपमा प्रस्तुत गरिएको छ ।

| | | |
|---|---|---|
| पहिलो अध्याय | : | शोध परिचय |
| दोस्रो अध्याय | : | अध्ययन क्षेत्रको परिचय |
| तेस्रो अध्याय | : | थारू जातिको परिचय |
| चौथो अध्याय | : | दयित थारू जातिको मुख्य संस्कारहरू |
| पाँचौ अध्याय | : | दयित थारूका चाडपर्वहरू |
| छैठौ अध्याय | : | निष्कर्ष तथा सुझाव |

# दोस्रो अध्याय

# अध्ययन क्षेत्रको परिचय

## २.१ दाङ जिल्लाको भौगोलिक स्थिति

नेपालको पाँच विकास क्षेत्रमध्ये मध्यपश्चिमाञ्चल पनि एक विकास क्षेत्र हो । यस विकास क्षेत्रमा ३ अञ्चलहरू पर्दछन् जसमध्ये एक राप्ती अञ्चल हो । यो अञ्चलको नामाकरण यस अञ्चल भएर बग्ने दुईवटा नदी उरावती (अचिरावति) पूर्वी भागबाट बग्ने र शरावती पश्चिमी भागबाट बग्ने यी दुवै नदीहरूको नामबाट अन्तिम तीनवटा अक्षरहरू रावतीबाट अपभ्रंश हुँदै राप्ती हुन गएको मानिन्छ ।[१] यस राप्ती अञ्चलमा पर्ने ५ जिल्लाहरूमध्ये दाङ एक हो । यो जिल्ला दाङ, देउखुरी र तुहीदाङ भनिने सानो उपत्यका सहित तीनवटा उपत्यका र केही पहाडी क्षेत्र मिलेर बनेको छ । यसलाई महाभारत र चुरे पहाडले घेरेको छ । यहाँ समशीतोष्ण मनसुनी हावापानी (जलमग्न) भएको र समुद्री सतहदेखि २१३ देखि २०५८ मिटरको उचाईमा अवस्थित छ । यहाँको तापक्रम अधिकतम ३९.९$^{\circ}$ सेल्सियस र न्यूनतम तापक्रम २५.०$^{\circ}$ सेल्सियस रहेको पाइन्छ ।[२]

दाङ जिल्लाको भौगोलिक बनावट हेर्दा २०$^{\circ}$२६" देखि २८$^{\circ}$२९" अक्षांशबाट ८२$^{\circ}$२" देखि ८२$^{\circ}$५" देशान्तरमा रेखाहरू बीच विश्वमान चित्रमा अवस्थित छ । भौगोलिक स्थितिबाट हेर्दा यो जिल्ला सुगम र समथर जिल्ला हो । यसले २,९५५ किलोमिटर अर्थात् २,९५,५०० हेक्टर भूभाग ओगटेको छ ।[३]

दाङ जिल्लामा २ वटा नगरपालिका घोराही वा त्रिभुवन नगरपालिका र तुल्सीपुर नगरपालिका छन् भने ३९ वटा गाउँ विकास समितिहरू रहेका छन् । यसको पहाडी क्षेत्रअन्तर्गत पर्ने पाँचवटा गाविसहरू स्य"‘+hf, सैंघा, लोहारपानी, काभ्रे, हासिपुर रहेको

---

१. टेकनाथ गौतम, **राप्ती अञ्चलको इतिहास** (वाराणसीः अजय प्रिन्टर्स, वि.सं. २०५०), पृ. १ ।

२. सूचना विभाग, **मेचीदेखि महाकाली (भाग ४) सुदूरपश्चिमाञ्चल विकास क्षेत्र**, (काठमाडौंः संचार मन्त्रालय, वि.सं. २०३१), पृ. २२९-३० ।

३. जि.वि.स., **जिल्ला वस्तुगत तथा स्थिति विश्लेषण**, (दाङ, २०६७), पृ. १- २ ।

छ भने बाँकी ३४ वटा गाविसहरू तराई क्षेत्रमा पर्दछन् । यस जिल्लामा १३ इलाका क्षेत्रहरू छन् भने ५ संसदीय निर्वाचन क्षेत्रहरू रहेका छन् ।[४]

दाङ जिल्लाको उत्तरमा सल्यान, रोल्पा र प्यूठान, पूर्वमा कपिलवस्तु र अर्घाखाँची, पश्चिममा सुर्खेत र बाँके र दक्षिणमा भारतको सिमाकुम्भ क्षेत्र पर्दछन्, जुन थरूहट क्षेत्रभित्र पर्दछ । यो जिल्ला रूकुम, रोल्पा, प्यूठान, सल्यानको मुख्य नाका र वाणिज्य स्थलको रूपमा रहेको छ । यस जिल्लाको लम्बाई पूर्व-पश्चिम ९० कि.मि. र उत्तर-दक्षिण ७२ कि.मि. रहेको छ । यस जिल्लाको तीन हजार फिट माथिको भूभागमा समशीतोष्ण हावापानी पाइन्छ भने दुई हजार फिट भन्दा कम उचाइमा उष्ण हावापानी पाइन्छ । यहाँ गर्मीमा गर्भी र हिउँदमा जाडो हुन्छ । अर्थात् यहाँको न्यूनतम तापक्रम ५.५ डिग्री सेल्सियसदेखि अधिकतम ३५.३ डिग्री सेल्सियससम्म पाइन्छ । यहाँको औसत वर्षा करिब १४०० मि.मि. सम्म रहन्छ ।[५]

यस जिल्लालाई भौगोलिक हिसावले दुई भाग अर्थात् तराई, भित्री मधेश र केही भाग पहाडी भूभाग पनि भएको कारणले यहाँ पाइने वनस्पतिमा धेरै विविधता भएको पाइन्छ । यहाँ पाइने वनस्पतिमा मुख्यतयाः साल, साज, बाँझ, सिसौ, खयर, सल्ला, कर्मा, बाँस, सिमुल आदि रहेका छन् । भौगोलिक विविधताकै कारणले यो क्षेत्रमा थुप्रै किसिमका वन्यजन्तुहरूको वासस्थानको रूपमा समेत रहिआएको छ । यहाँ पाइने वन्यजन्तुहरूमा मुख्यतः चितुवा, स्याल, रतुवा, बँदेल, घोरल, घडिचाल, भालु, दुम्सी, बाघ, निलगाई रहेका छन् भने पंक्षीहरूमा भँगेरा, मयुर, कालिज, ढुकुर, चाखुरा, लुइचे, फिस्टे, चिबे, गिद्ध, चिल, बकुल्ला आदि रहेका छन् ।[६]

दाङ जिल्लामा रहेका नदीहरूमा राप्ती नदी सबैभन्दा ठूलो हो जुन देउखुरी उपत्यका भएर बग्दछ । दाङ उपत्यकाको सबैभन्दा ठूलो नदी बबई हो । यो दाङ उपत्यकाको दक्षिण भागमा पूरै दाङ जिल्लालाई सिंचित गर्दै बगेको छ । अन्य साना नदीहरूमा कटुवाखोला, सेवारखोला, पत्रिफाल्नेखोला, हापुरखोला, गुहारखोला, रानीगाड, पातुखोला हुन् । यी नदीनाला केही मौसमी हुन भने केही बाह्रै महिना बग्दछन् । यी

---

४. उही, पृ. १-९ ।

५. उही, पृ. ९-११ ।

६. उही ।

नदीहरूबाट दाङ उपत्यकाको सिंचाइ हुने गर्दछ र यसबाट यहाँको आर्थिक जीवनमा ठूलो प्रभाव परेको छ ।[७]

## २.२ दाङ जिल्लाको ऐतिहासिक पृष्ठभूमि

यस जिल्लाको नाम दाङ रहन गएकोमा दुईवटा कारणहरू भएको मानिन्छ । द्रङ्गाकोट्ट, ग्रामा विषय, क्षेत्र, तल आदि जस्ता संस्कृत शब्दले पहाडको चेपमा चेपिएको जमिन वा दुना टपरीजस्तो परेको जमिन भन्ने बुझिन्छ, यसै शब्दबाट दाङ नाम रहन गएको हो भन्ने एकथरिको अख्यानहरू रहेको छ भने "दाङ" शब्दले व्यापार केन्द्रको रूपमा विकसित भएको ठाउँलाई बुझाउँछ । यी दुवै "द्रङ्ग" र "द्रोण" शब्दका घर्षणबाट दाङ भएको हो भन्ने भनाइ पनि रहेको छ । विभिन्न ठाउँमा रहेका लिच्छविकालका अभिलेखहरूमा दाङ शब्दको प्रयोग गरिएको पाइन्छ ।[८] थारूहरूका राजा भनौ या मतावा दंगिशरणको नामबाट यो स्थानको नाम दाङ रहन गएको किंवतन्दी पनि पाइन्छ । नेपालको इतिहासमा दाङ जिल्लाको इतिहासको पनि आफ्नै महत्व रहेको छ । अहिलेको सल्यान जिल्लामा रहेको फलवाङ मध्यकालमा दाङ राज्य अन्तर्गतको क्षेत्र रहेको थियो । यस जिल्लाभित्र मध्यकालमा दुई स-साना राज्यहरू दाङ र छिल्ली थिए ।[९]

प्रागऐतिहासिक हिसावले पनि दाङ उत्तिकै महत्वपूर्ण स्थानको रूपमा रहेको छ । वि.सं. २०३६ सालमा रामनिवास पाण्डेले दाङको सेवार, हापुरखोलामा नवपाषणकालिन सेतो, खैरो रङ्गको बलौटे प्रस्तर निर्मित औजार फेला पारेका थिए । त्यसै गरी ई.सं. १९७० मा दाङको ग्वार खोलामा ८.८.से.मि. आकारको नेसिक ग्रेनाइट प्रस्तर निर्मित नवपाषणकालिन औजार हाते बञ्चरो, वि.सं. २०३८ सालमा विजौरीबाट ७ से.मि. लामो कालो प्रस्तर निर्मित नवपाषणकालिन औजार पालिसदार बञ्चरो, जो निकै धारिलो छ, साथै पुरातत्वविद् गुडरन कोर्विनसले मध्यपाषाणकालका १७ वटा सुक्ष्म पाषाण औजार, दाङ जिल्लामा ग्वारखोला, कट्टकी गाउँको बबई किनार, तुई नदी आदि थुप्रै यस्ता नदीनाला र खोलानालाहरू छन् जहाँ यस्ता किसिमका थुप्रै प्रागऐतिहासिक

---

७. **उही** ।

८. राजाराम सुवेदी, **दङगीशरण राजा गरिमा**, (वर्ष १५, अङ्क ८, पूर्णाङ्क १७६, साउन २०५४), पृ.१०५ ।

९. सूचना विभाग, **पूर्ववत्**, (पादटिप्पणी संख्या २), पृ. २४१ ।

सामग्रीहरू फेला परेको र अझै यस्ता महत्वपूर्ण सामग्रीहरू फेला पर्ने थुप्रै संभावनाहरू रहेको छ भनेर महेश चौधरीले आफ्नो पुस्तकमा उल्लेख गर्नुभएको छ ।[१०]

त्यसै गरी वि.सं. २०६७-२०६८ सालमा पुरातत्व विभागद्वारा यस जिल्लाको सुकौराकोटमा पुरातात्विक उत्खनन् भएको थियो । त्यहाँ १२-१३ औं शताब्दीको सुरक्षा पर्खाल र अनेकौं सामग्रीहरू जस्तैः माटोको कोइला, माटोको घोडाका मूर्तिहरू, माटोका विभिन्न प्रकारका भाडाहरू, सिक्का आदि फेला परेका छन् । ती सामग्रीहरूको कार्बोन डेटिङ गर्न भने बाँकी नै रहेको छ । तर उपलब्ध सामग्रीको आधारमा दाङ उपत्यकामा धेरै पहिलेदेखि नै मानव बसोबास रहेको देखिन्छ ।[११]

नेपाली इतिहास, सामाजिक विकासक्रम र पुरातत्वको दृष्टिकोणले पनि दाङ जिल्लाको नेपालमा विशिष्ट स्थान रहेको छ । त्यसै गरी दाङ पर्यटकीय दृष्टिकोणले र यहाँ विद्यमान जातीय विविधताको कारणले सामाजिकश                    ास्त्र तथा मानवशास्त्रीय अध्ययन, अनुसन्धानको लागि समेत महत्वपूर्ण स्थान रहँदै आएको छ ।

जसरी दाङ जिल्ला एउटा भौगोलिक विविधतायुक्त जिल्लाको रूपमा रहेको छ त्यसै गरी यो जिल्लामा विभिन्न जातजातीहरूको वासस्थान रहँदै आएको छ । जसमध्ये प्रमुख जातिको रूपमा थारू, बाहुन, क्षेत्री, ठकुरी, जोगी, वादी, सार्की, कामी, दमाइँ, गुरूङ, गाइने, नेवार, छन्त्याल, मगर, मुसलमान, कुमाल, नेवार, कुँवर लगायत अन्य जातजातीको बसोबास रहेको पाइन्छ । यसरी विविध जातिहरूको थलोको रूपमा रहेको दाङ जिल्लामा विभिन्न भाषा, संस्कृति लगायतका विविधतायुक्त जातजातीहरूको बसोबासको थलो भएर पनि यहाँका जनताहरू बीच अनेकतामा एकता रहँदै आएको छ ।

२०५८ सालको जनगणना अनुसार यस जिल्लामा कुल जनसंख्या ४,६२,३८० रहेको छ । जसमा पुरूष २,२८,९५८ (४९. प्रतिशत) र महिला २,३३,४२२ (५०.४ प्रतिशत) रहेको छ । जसमा थारूहरूको जनसंख्या ३१.८६ प्रतिशत रहेको छ ।

---

[१०]. महेश्वर चौधरी, **नेपालको तराई तथा यसका भूमिपुत्रहरू,** (दाङः शान्ति चौधरी, ग्रामीण महिला विकास समाज (प.सं.), वि.सं. २०६४), पृ. ५८-५९ ।

[११]. शोधकर्ताको स्थलगत अध्ययन, २०६९ ।

**तालिका १: जातिगत र भाषागत आधारमा जनसंख्या**

| जातिगत | जनसंख्या | भषागत | जनसंख्या |
|---|---|---|---|
| थारू | १४७,३२८ | नेपाली | २९८,३२३ |
| क्षेत्री | १०५,१४६ | थारू | १३९,०९१ |
| बाहुन | ५०,०६० | अवधि | ९,८५६ |
| मगर | ५५,७११ | मगर | ७,८८१ |
| दमाईं | १२,३४९ | हिन्दी | ४,१०९ |
| अन्य | १०,९१८ | अन्य | ७५१ |

*स्रोत: जिविस प्रतिवेदन, २०६७।*

## २.३ टरिगाउँ गाविसको परिचय

दाङ जिल्लाको टरिगाउँ गाउँ विकास समिति जिल्लाकै ठूलो गाविसमध्ये एक हो । यस गाविस अन्तर्गतको टरिगाउँको केही भाग गाविस र केही भाग नगरपालिकामा समेत गाभिएको छ । दाङको तुल्सीपुर नगरपालिकादेखि टरिगाउँ गाविसको वडा नं. ४ पढ्ढा झण्डै ८ किलोमिटरको दुरीमा रहेको छ । टरिगाउँ गाविस अन्तर्गत दाङ जिल्लाको एयरपोर्ट समेत पर्दछ । पढ्ढा गाविसबाट एयरपोर्टसम्मको दुरी झण्डै ५ किलोमिटर रहेको छ । त्यसै गरी टरिगाउँ गाविसदेखि दाङ जिल्लाको सदरमुकाम घोराही २६ किलोमिटर अर्थात् १६ माइलको दुरीमा रहेको छ । २०६५ सालमा सम्पन्न घरधुरी सर्वेक्षण अनुसार टरिगाउँ गाविसको कुल जनसंख्या १७,९७९ रहेको छ । जसमा थारूहरूको जनसंख्या ५,४६८ रहेको छ । जनसंख्याको हिसावले यो गाविसमा सबभन्दा बढी ब्राह्मण त्यसपछि क्षेत्री र तेस्रो स्थानमा थारूहरूको रहेको छ भने त्यसपछि क्रमशः दलित, योगी, ठकुरी, मगर छन्त्याल आदिको पनि बसोबास रहेको छ । टरिगाउँ गाविस उत्तरतिर सानो हुँदै दक्षिणतिर ठूलो फराकिलो हुँदै गएको छ । यसको उत्तरतर्फ तुल्सीपुर नगरपालिका रहेको छ । यस गाविसको धेरैजसो गाउँहरूको नाम थारू भाषामा रहेको छ, जस्तैः टरिगाउँ, टरिगै, झेना गोलौरी, गौरीगाउँ आदि ।

दाङ सुकौरा जुन ठाउँ तुल्सीपुर बजारदेखि लगभग १२ किलोमिटर टाढा रहेको छ । सुकौरा गाउँको नजिक सितलपुर पर्छ । सुकौरा जहाँ दङ्गीशरण लाई थारू जनताले

मनपराई त्यस ठाउंको राजा बनाइएका थिए । सुकौरादेखि लगभग आधा किलोमिटर पश्चिममा एउटा घनावस्ती भएको एउटा पुरानो थारू वस्ती पर्छ जसलाई बैबाङ्ग भनिन्छ । त्यहाका थारूहरूले चौधरी पदवी पाएका थिए । पछि यो पदवी सबै थारूहरूले अपनाएको पाइन्छ । बैबाङ्गको चौधरी दलित परिवारलाई केही इतिहासकारहरूले दैत्यको उपाधि दिएको पाइन्छ । दङ्गीशरण थारूहरूको पहिलो राजा भएको मानिन्छ । त्यसैले थारूहरूले सुकौरालाई आफ्नो पुरानो मुल थलो र गढीको रूपमा मान्दै आइरहेको पाइन्छ । थारू राजा दङ्गीशरणलाई थारू जातिको एउटा उपथर दयित हुन् भन्ने धारण धेरैजसोको भनाई पनि पाइन्छ ।[१२] राजाराम सुवेदीले आफ्नो ग्रन्थमा दाङका थारू राजा दङ्गीशरणले काठमाडौं उपत्यकामा राज्य चलाएर बसेका गोपालहरूलाई किराँतहरूले खेदेपछि काठमाडौंबाट दाङ (सुकौरागढ) आएका गोपालहरूका सन्तान दङ्गीशरण राजा भएको र उनका १२ पुस्ताहरूले राज्य गरेको कुरा उल्लेख गरेका छन् ।[१३]

---

[१२]. चौधरी, **पूर्ववत्,**
(पादटिप्पणी संख्या १०), पृ. १६५-१६८ ।
[१३]. **उही**, पृ. १५५-१५७ ।

# तेस्रो अध्याय

# थारू जातिको परिचय

## ३.१ थारू जातिको ऐतिहासिकता

नेपाल क्षेत्रफलको दृष्टिले सानो भए तापनि जातीय विविधताले भरिएको मुलुक हो । आदि कालदेखि बस्दै आएको आदिम जातिहरूको साझा थलो नेपाल रहदै आएको छ । सरकारी तथ्याङ्क अनुसार यहाँ एकसय छब्बीसभन्दा बढी जातजाती र जनजाती बसोबास गर्दै आएको पाइन्छ । उनीहरूको आ-आफ्नै रहनसहन, चाडपर्व, संस्कार, भेषभुषा र भाषाहरू छन् । जसमध्ये “थारू” पनि यहाँको एउटा महत्वपूर्ण जाति को रूपमा रहेको पाईन्छ । यसको आफ्नै ऐतिहासिकता र गौरवमय सामाजिक र सांस्कृतिक पहिचान कायम राख्दै आएको देखिन्छ । पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म फैलिएर रहेका थारूहरू तराई, भित्री मधेस तथा छिमेकी राष्ट्र भारतको उत्तर प्रदेशको सिमाना क्षेत्रसम्म रहेको पाइन्छ । त्यसैले थारूहरूले आफूलाई यहाँको ‘भूमिपुत्र’ भन्न रूचाएको पनि पाइन्छ । यिनीहरूको सांस्कृतिक पक्ष पनि निकै सम्वृद्ध मानिरन्छ । थारू समुदायको आफ्नै मातृभाषा, साहित्य, सांस्कृतिक कला, लोकदर्शन, भेषभुषा, रीति थिति आदि रहि आएको छ । तर यिनीहरूको आफ्नै लिपि भने भएको पाइँदैन । थारू समुदायहरूको बसोबास रहेको जिल्लामा दाङ देउखुरी, बाँके, बर्दिया, कैलाली, कञ्चनपुर, सुर्खेत, कपिलवस्तु, नवलपरासी, चितवन, बारा, पर्सा, उदयपुर, रौतहट, महोत्तरी, सप्तरी, सिरहा, सुनसरी, धनुषा, मोरङ झापा आदि रहेका छन् ।[१] यस जातिलाई नेपालको आदिवासी जनजातिको सूचीमा पनि सूचीकृत गरिएकोछ ।

थारू शब्दको उत्पत्तिको बारेमा विद्वानहरूमा एक मतैक्यता रहेको छैन । कसैले संस्कृत शब्दको स्थाण' या स्थास्नु शब्दबाट, कसैले बुद्ध धर्मको एक शाखा स्थेरवादको स्थेर शब्दबाट, कसैले रैथाने अर्थमा ठारू शब्दबाट यस जातिको उत्पत्ति हो भनेका छन् ।

---

१. तुलसी दिवस, प्रमोद प्रधान, **थारू लोकवार्ता तथा लोकजीवन**, (काठमाडौँः नेपाली लोकवार्ता तथा संस्कृति समाज, वि.सं. २०६५), पृ. २९-३३ ।

धेरैजसो विद्वानहरूको अनुमानमा भारतको सिन्ध र राजस्थानका बीचको थार भन्ने मरूभूमिबाट आएका हुनाले थारू भनिएको मान्दछन् ।[२]

थारूहरूले आफ्नो जातीय इतिहासलाई पौराणिक कालसम्म पुऱ्याएको पाइन्छ । उनीहरूले थारू राजा दङ्गी शरणलाई महाभारतकालसँग जोडेको पाइन्छ । त्यसैगरी उनीहरूको मीथक अनुसार महादेव, पार्वती, कृष्ण र पाण्डवहरूलाई उनीहरू आफ्नो पूर्वज मान्दछन् र आफूलाई उनीहरूकै वंशज मानी देवताको रूपमा पूजाआजा गर्दछन् ।[३]

भगवान गौतम बुद्धले निर्वाण प्राप्त गरेको सय वर्षपछि बौद्ध धर्ममा महासाङ्घिक र स्थविरवाद नामक दुई हाँगा फाटे । सम्भवतः यिनै दुई हाँगामध्ये एक हाँगो स्थविर सम्प्रदायतिर शाक्य वंशीहरूको झुकाव भएको हुनुपर्दछ जसले गर्दा ती स्थविरवादमा आस्था राख्ने शाक्य वंशको नाम छोटकरीमा स्थविर रहन गएको र जनजिब्रोको उच्चारणमा स्थविरको विकृत रूप पछि गएर थारू हुन गएको हो ।[४]

थारू जातिको बसोबास लिच्छविकालमै भएको हो भन्ने सङ्केत लिच्छविकालको एउटा अभिलेखले पनि दिएको छ । चापागाउँको शिवदेव प्रथमको अभिलेखमा "स्थरूदङ्ग" को उल्लेख गरेको पाइन्छ । लिच्छविकालमै थारू जातिको बसोबास चापागाउँको यस अभिलेखको "स्थरूद्रङ्ग" शब्दका आधारमा अनुमान लगाएको पाइन्छ ।[५]

मूलतः मङ्गोल भएको यस जातिमा विभिन्न जातीय रक्त मिश्रण भएको बताइएको छ । कोल, किराँत आदिको रक्त मिश्रणको कारण यिनको शारीरिक बनोट विशिष्ट प्रकारको रहेको छ । किरात तोर नामक शाखा नै थारूको नाममा प्रसिद्ध रहेको र गुप्तकालमा यिनको बासस्थान तीरभुक्ति वा तिरहूत थियो भन्ने अनुमान पनि गरिएको छ । स्थानीय थारूहरू स्वयंलाई उत्तर भारतमा मुसलमानहरूको सल्लनत स्थापित भएपछि नेपाल पसेका राजपूतका सन्तान मान्दछन् । आजका विशिष्ट संस्कृति भएका थारूहरू हिन्दू धर्म, संस्कृतिबाट बढी प्रभावित देखिन्छन् । यिनीहरू हिमाल तराईका

---

२. **उही** पृ. ३१ ।

३. अशोक थारू, **थारू लोक साहित्य, इतिहास, कला र दर्शन** (दाङः परिवर्तनका संवाहकहरूको मञ्च, वि.सं. २०६३), पृ. २- ५ ।

४. जनकलाल शर्मा, **हाम्रो समाजः एक अध्ययन**, (ललितपुरः साझा प्रकाशन, वि.सं. २०५८), पृ. ३५८ ।

५. धनवज्र बज्राचार्य, **लिच्छविकालका अभिलेख**, (कीर्तिपुरः नेपाल र एशियाली अध्ययन संस्थान, वि.सं. २०३०), पृ. २२५ ।

प्राचीन जनजातीका सन्तान थिए र शाक्य जनपदमा यिनीहरूको बाहुल्य थियो ।[६] त्यसैगरी जगमान गुरूङले थारू जातिलाई मगर र गुरूङका अतिरिक्त काठमाडौँको ज्यापूसँग बढी समानता भएको कुरा उल्लेख गरेका छन् ।[७]

यसैगरी नेपालमा प्राप्त नवपाषणकालिन उपकरणहरूबाट यस क्षेत्रमा कृषि प्रारम्भ गर्ने श्रेय किराँत र थारूहरू भएको मानिन्छ ।[८] थारूहरू एउटै बर्गका जाति भए पनि विभिन्न ठाउँमा फैलिएर रहेका र त्यहाँको भौगोलिक बनोटले गर्दा उनीहरूको आ-आफ्नो वर्ग, वंशजहरू, भाषाभाषी, भेषभूषा, रहनसहन फरक-फरक रहेको पाइन्छ । उनीहरू जुन स्थानमा बस्दछन् त्यही ठाउँको नामले चिनिएको पाइन्छ । जस्तैः चितवनमा बस्ने थारूलाई चितौनियाँ, कोचिलामा बस्ने थारूलाई कोचिला, सप्तरिमा बस्ने थारूलाई सप्तरिया, मोरङ्गमा बस्ने थारूहरूलाई मोरङ्गिया, दाङ-देउखुरीमा बस्ने थारूहरूलाई दङ्गोरिया भनिएको पाइन्छ ।[९]

यसैगरी थारूहरूको विभिन्न थर र गोत्रहरू रहेको पाइन्छ । यिनीहरूको थर-उपथरको संख्या यति नै हो भनेर भन्न सकिने अवस्था रहेको छैन । जसमध्ये केही थर-उपथरहरू निम्न रहेका छन् : (१) कठरिया, (२) कनफटा, (३) कोचिला, (४) खरल, (५) खवास, (६) खस, (७) खाँ, (८) खुनाहा, (९) खौसिया, (१०) गच्छेदार, (११) चितौनिया, (१२) चौधरी, (१३) जोगी, (१४) डंगरिया, (१५) ताबदार, (१६) धन्दार, (१७) दनुवार, (१८) दंगौरा, (१९) दारूवदिया, (२०) परिहार, (२१) बर्दिया, (२३) बांठ, (२४) बांतर, (२५) बोक्सा, (२६) बोट, (२७) भगत, (२८) भोटगमिया, (२९) मझौरा, (३०) मर्दनिया, (३१) महन्त, (३२) महाउतो, (३३) माझि, (३४) मोर्रËया आदि रहेका छन् ।[१०]

---

[६]. राम निवास पाण्डे, दिनेशचन्द्र रेग्मी, **नेपालको पौराणिक इतिहास**, (कीर्तिपुरः नेपाल एशियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय, वि.सं. २०५४), पृ. ५-६ ।

[७]. शर्मा, **पूर्ववत्** (पादटिप्पणी संख्या ४), पृ. ३५८ ।

[८]. **उही**, पृ. ३४ ।

[९]. देवेन्द्र घिमिरे, **थारू आदिवासी नेपाली** (रूपन्देहीः गोमादेवी चापागाईं, प्रथम संस्करण, वि.सं. २०५२), पृ. १७ ।

[१०]. शर्मा, **पूर्ववत्** (पादटिप्पणी संख्या ४), पृ. ३५९ ।

## ३.२ दाङ जिल्लाका थारूहरू

दाङ उपत्यकामा परापूर्वकालदेखि नै राज्य शासनको आरम्भ भई धेरै शासकहरूले राज्य गरेका थिए । यसैगरी राजा पुण्य मल्लको वि.सं. १३९३ को कनकपत्रमा "हुम दांगका पेखक अडै, अधिकार, महतौ सभौप्रति" अर्थात् हुम्लादेखि दाङसम्मका प्रेक्ष्यक, अडै, अधिकारी, मगर, महतौ (थारू=चौधरी) सबै प्रति भनेर दाङका थारू मुखियाहरू समेतलाई सम्बोधन गरिएको पाइएको छ । यसबाट दाङ उपत्यकामा परिम्परादेखि नै थारू समुदायको रस्ती वस्ती रहिआएको बुझिन्छ ।[११]

दाङ राज्यको स्थापना कहिले भयो र यसमा कुन कुन वंशका राजाहरूले राज्य गरे भन्ने कुरा प्रमाणको अभावमा यकिन हुन सकेको छैन । जनश्रुतिका आधारमा अनेक अनुकल्पना अगाडि आएका छन् । दाङको सुकौरागढबाट दङ्गीशरण नामक थारू राजाले राज्य गरेको र उनको वंशमा १२ जना राजा राज्य गरेको भन्ने भनाइ रहेको छ । जो यस प्रकार रहेका छन्: (१) दङ्गीशरण, (२) लघदंगी, (३) अपरदंगी, (४) चितलदंगी, (५) अंगादंगी, (६) मगरदंगी, (७) सारगदंगी, (८) उरगसेन, (९) माधवराज, (१०) मदालसा रानी, (११) मणिक्य परीक्षक, (१२) रत्न परीक्षक ।[१२]

दाङका थारूहरू पुराना आदिवासी हुन् र दङ्गौरिया थारूहरूको थातथलो दाङ मानिन्छ । दाङमा मानिसको आवादि पूर्व घना जङ्गल थियो, त्यही जङ्गललाई आवाद गरेर, औंलो रोगसँग लडेर बस्ने पहिलो जाति नै दाङका थारू जातिलाई मानिन्छ । उनीहरू स्थायी रूपमा बसोबास गर्ने जाति नभएर बसाइँ सरिरहने जाति भएको हुनाले आफूलाई "फूल चिरै" अर्थात् जता फल पाक्छ उतै दौड्ने चरा जस्तै मान्दथे । यसको अर्थ हुन्छ "जता सुविधा हुन्छ उतै जाने" जाति हुन् ।[१३] खेतीमा मात्र आश्रित रहने जाति भए तापनि जग्गा जमिनप्रतिको स्थायित्व छोड्न गाह्रो नमान्ने यो जाति दाङबाट बाँके, बर्दिया, कैलाली र कञ्चनपुरतिर ओहोरदोहोर गरिरहन्थे, त्यसैले उनीहरूलाई दङ्गोरा थारू भनिन्छ ।

---

[११]. सूर्यमणि अधिकारी, **बाइसे राज्यको इतिहास**, (काठमाडौँः भुँडीपुराण प्रकाशन, पहिलो संस्करण, वि.सं. २०६०), पृ. २४० ।

[१२]. **उही**, पृ. २४० ।

[१३]. टेकनाथ गौतम, **थारू जातिको इतिहास एवं संस्कृति** (दाङः थारू पुराण, शुशिल कुमार गौतम, वि.सं. २०४४) पृ. ३-४ ।

जनसंख्याको हिसावले थारू नेपालको चौथो स्थानमा पर्दछ । यिनीहरूको जनसंख्या ४१८९५५ रहेको छ । जसमा दाङमा मात्र १४७३२८ को संख्यामा रहेका छन् । यस दाङ जिल्लामा थारूहरूको जनसंख्या सबैभन्दा बढी रहेको पाइन्छ । कुल जनसंख्याको ४३.२ प्रतिशत थारू भाषालाई मातृभाषाको रूपमा बोल्ने गर्दछन् । यस क्षेत्रमा बसोबास गरेको थारूहरूलाई डगौरा थारू भनिन्छ ।[१४]

दाङका थारूहरूको पनि आ-आफ्नै अनेक थर-उपथरहरू रहेका छन्, जस्तैः कुसुम्या, मस्टान, भल्वा कुसुम्या, राना, दनवार, धयलवा, हस्तेवा, अंगुवा, सिंग्रहवा, गम्वा, गमुवा, उल्टैवा, नम्बा, दुहुना, मध्वा, बध्बा, नक्या, मङ्रा, रजपुत, मझौरा, रझेटिया, नम्पुच्वा, बोटे, घरचर्खा, टेर्वा, लोहटेवा, गोदहनिया, कठरिया, अग्रवा, कंगुवा, जोगी, कुचिला, ठक्री, दयित आदि हुन् । थारूहरूको थर-उपथर यति नै हो भनेर अझै पनि यकिनका साथ भन्न सकिँदैन ।[१५]

जुन थारूहरूले आफ्नो गोत्र बिर्सन्छन् ती थारूहरूलाई कुसुम्या थारूमा भनिन्छ । यसैले जुन जुन थारूहरूले आफ्नो गोत्र बिर्सन्छन् तिनीहरू कुसुम्या थारूमा गनिन्छन् ।[१६]

## ३.३ दाङका दयित थारूहरू

दयितका सन्तानबारे स्थानीय थारूहरूमा यस्तो विश्वास र भनाइ रहेको छ- पालहरूको उद्भव आठौं शताब्दीको मध्यमा बंगालमा भएको थियो । प्रारम्भमा गुप्ताहरूको बंगालमा अधिकार थियो । गुप्ताहरूको पतनपश्चात् शशांकले बंगालमा स्वतन्त्र सत्ता स्थापित गरिहाले पछि शशांकको मृत्युपश्चात् बंगालमा अराजकता फैलियो, जसको लाभ हर्षबर्द्धनले उठाए । हर्षबर्द्धनको मृत्युपछि फेरि बंगालमा अराजकता फैलियो जसबाट जनता अत्यधिक निराश थिए । खालिमपुर, अभिलेखअनुसार आफ्नो दुःख निवारणका लागि जनताहरूले गोपाललाई राजा बनाए । यही गोपाल राजा पालवंशका

---

१४. सूचना विभाग, **मेचीदेखि महाकाली** (भाग ४) सुदूरपश्चिमाञ्चल विकास क्षेत्र, (काठमाडौंः संचार मन्त्रालय, वि.सं. २०३१), पृ. २२९-३० ।

१५. दिवस तथा प्रधान, **पूर्ववत्** (पादटिप्पणी संख्या १) पृ. ३४-३५ ।

१६. **उही**, पृ. ३४ ।

संस्थापक थिए । उनका बाजे दयित विष्णु थियो । दयितहरूले आफ्नो उपथरको नाम आफ्ना पूर्खा दयित विष्णुबाट वंशीय नाम "दयित" राखेको मान्यता रहिआएको छ ।[१७]

त्यसैगरी दाङमा परापूर्वकालदेखि नै विभिन्न शासकहरूले राज्य गरेको पाइन्छ । गोपालहरूलाई काठमाडौँ उपत्यादेखि किराँतहरूले खेदेपछि काठमाडौँबाट दाङ (सुकौरागढ) आएका गोपालका सन्तान दङ्गीशरण राजा भएको र उनका १२ पुस्ताले राज्य गरेको भन्ने भनाइ छ । दङ्गीशरण थारू जातिको एउटा उपथर दयित हुन् । उनीहरूले सुकौराकोटको इतिहासलाई दयित चौधरी परिवारसँग गाँसिएको पाइन्छ ।[१८]

त्यसैगरी बैवाङको चौधरी दयित परिवारलाई केही इतिहासकारहरूले दैत्यको उपाधि दिने गरेको पाइन्छ । त्यहाँका दयित थारूहरूले आफूलाई शक, कुषाण, हुण आदि राजपूतका सन्तान ठान्दछन् । त्यसैगरी उपाख्यान अनुसार, एउटा अहिर जातिका मानिसलाई थारू जातिमा सम्मिलित गराउने उत्सव कार्यक्रममा सम्मिलन हुने अहिरले त्यहाँ उपस्थित सबै थारू सभासदहरूलाई दहि भात खुवाएको हुँदा उसलाई "दहित" भन्न थाले । उसको घरको देवता "भेरूवा" हो, जसलाई भैरव भनिन्छ ।[१९]

दाङका थारू परिवारमा घोडा चढ्ने शौख भएको बुझिन्छ । त्यसको निरन्तरता हालसम्म पनि दाङमा देख्न सकिन्छ । दाङमा प्रायः सबै सम्पन्न थारूहरू पहिले पहिलेका चौधरीहरू सवारी साधनको रूपमा घोडा प्रयोग गर्दथे । आफू चढ्ने घोडालाई जमरा, सिन्दुर र माला लगाइदिन्थे । त्यो दिन घोडालाई विशेष खालको दाना खुवाइन्थ्यो । त्यसैले त्यो दिन विशेष हुन्थ्यो ।[२०] दाङका सबै थारूहरूले घोडालाई दशैंमा पूजा गर्दछन् । उनीहरूको देवता थानमा माटाका घोडाहरू हुन्छन् । आफ्नो थर, उपथर अनुसार घोडाको मुख पनि फरक फरक आकारको बनाएको पाइन्छ । त्यसैगरी दशैंमा घोडा पुज्ने थारू जातिमा दहित बाहेक अरू थारूहरूमा पाइँदैन । त्यसैगरी थारूहरूले घोडा पुज्नुको तात्पर्य दाङ जिल्लामा राजपूतहरूको दबदबा थियो भन्ने दङ्गीशरणको वाहन घोडा भएको विश्वास गरिन्छ ।

---

१७. महेश चौधरी, **नेपालको तराई तथा यसका भूमिपुत्रहरू** (दाङः शान्ति चौधरी, ग्रामीण महिला विकास संस्था, वि.सं. २०६४), पृ. १५० ।

१८. **उही**, पृ. १४९ ।

१९. **उही**, पृ. १५० ।

२०. **उही**, पृ. १४६-१४७ ।

त्यसैगरी MC. Burkuit, Bills and Hauzer ले मानव सभ्यताको पहिलो विकास नदीको छेउछाउ रहेको बताउँछन् । दाङमा ५ पूर्वदेखि पश्चिमसम्म बबैई नदीको तिरैतिर र उत्तर-दक्षिण बग्ने खरे खोलको छेउछाउ प्रायः 'दयित'हरूको प्राचीन वस्ती रहेको पाइन्छ । यसबाट दाङमा दयितहरूको दबदबा रहेको कुराको पुष्टि हुन्छ । दाङका दयितहरू भेरूवा (भैरव)को रूपमा पूज्दछन् भने दङ्गीशरणका सन्तान पनि मान्दछन्, उनीहरू शिवमार्गी थिए । त्यसैले उनीहरूले शिव, पार्वती, पाण्डवहरूलाई आफ्ना कूलदेवताको रूपमा पुज्ने गर्दछन् । दलित थारूहरूका पनि विभिन्न थरहरू हुन्छन् ।

## ३.४ दयित थारूका थरहरू

दयितहरूमा जेठ, बरिन रतगैया, गंग्वा  दयित, कन्पूज्वा, सुरवा घण्टही दयित, युक्या, खलक, चिल्रहवा खलक, कन्पूज्वा, थेरहवा, सुपहवा टेर्रा गरी जम्मा १५/१६ खालका दयित थर उपथर भएको कुरा स्थलगत अध्ययनबाट पुष्टि हुन्छ । यीमध्ये पढ्ढा गाविस वडा नं. ४ मा नौ घरधुरी गङ्गवा दयित छन् भने १२ परिवार कन्पूज्वा दयित छन् । यस जातिको गङ्गवा उपथरका थारूहरूले कुखुरालाई वली दिँदैनन् भने कन्पुज्वा उपथरका थारूहरूले कुखुरालाई वली दिन्छन् ।

टरिगाउँ गाविसमा थारूहरूको जनसंख्या ५,४६८ रहेको छ । जसमा पुरूषको संख्या २,७७० र महिलाको संख्या ३,६९८ छ । पढ्ढा गाउँमा थारूहरूको जनसंख्या २६१ रहेको छ जसमा पुरूषको संख्या १४२ र महिलाको संख्या ११९ रहेको छ ।[२१]

यस गाउँमा यातायातको सुविधा रहेको छ । माटोको उर्वरता, सिंचाइ सुविधाले गर्दा थारूहरूको जीवनयापनमा त्यति असुविधाजनक रहेको छैन । यहाँका दयित थारूहरू तरकारी खेती गरी त्यसबाट आर्थिक उपार्जन गर्ने गर्दछन् । तरकारी खेतीबाट यहाँका थारूहरूले राम्रो आम्दानी गरिरहेका छन् । पशुपालनमा बंगुर, सुँगुर, कुखुरा, हाँस, भेडा, बाखा, गाई, भैंसी आदिबाट आम्दानीको स्रोतलाई बढाएको पाइन्छ । यहाँ निजी विद्यालय र सरकारी विद्यालय रहेका छन् । यी बाहेक यहाँ स्वास्थ्य सुविधा पनि रहेको छ ।[२२]

[२१]. टरिगाउँ गाविसको सर्वेक्षणको आधारमा ।

[२२]. शोधकर्ताको स्थलगत अध्ययन, २०६९ ।

## ३.५ शारीरिक बनोट

थारूहरू परिश्रमी, सोभ्ना, इमान्दार, लगनशील र मेहनती स्वभावका हुन्छन् । आफ्नै बाहुवलमा विश्वास गर्ने मेहनती यी जाति अर्काले गरेको खाने वर्ग नभई आफै परिश्रम गरी खाने वर्ग हो । अधिक शारीरिक परिश्रम गर्ने भएकोले यिनीहरूको जिउडाल गठिलो हुन्छ ।[२३] उनीहरूको उचाइ मध्यम खालको हुन्छ । जीउमा कम रौं भएको, आँखीभौं कैलो, पातलो, कालो र हल्का भुरा रङ्गको हुन्छ । आँखा धेरै ठूलो नभई मङ्गोलियन चिम्सो लामो हुन्छ । फराकिलो र चौडा अनुहार, च्याप्टो नाक, यिनीहरूको रङ्ग खैरो, कालो हुन्छ । छाती ठूलो, कसिलो तथा माथितिर उठेको हुन्छ । ओठ मोटो खालको हुन्छ । यिनीहरूको शारीरिक बनावट हेर्दा मङ्गोलियनहरूसँग मिल्न जान्छ । बिहे भएपछि आइमाइहरूले खुट्टामा गोदना बनाएका हुन्छन् । यो बिहे भएको प्रतिक मानिन्छ ।[२४] तर यो प्रचलन हाल हराउँदै गएको छ ।

## ३.६ स्वभाव

यिनीहरू सिधा, सिलनसार, इमान्दार र वचनका पक्का हुन्छन् । यिनीहरूमा जातीयताको प्रभाव हुन्छ । आफ्नो झैंभ्नगडाहरू आफै पञ्चायतमा नै मिलाउँछन् । कुनै पनि काम नगरी एकपछि पनि बस्न सक्दैनन् । केही न केही काम गरिरहेकै हुन्छन् । जस्तैः जाल बुन्ने, माछा मार्ने, बाँसहरू वा परालको हस्तकला निर्माण गर्ने आदि गर्दछन् ।

## ३.७ गाउँवस्ती, परिवार

थारूहरू बीचमा फराकिलो खाली ठाउँ छाडेर दक्षिणबाट उत्तरतर्फ लामो गरी सडकदेखि पूर्व या पश्चिमतिर घर बनाउँछन् ।[२५] थारूहरू कुनै पूर्वपट्टि र कुनै पश्चिमपट्टि बस्दैछन् । घर एक तलाको र माटाले पाटेका खामा र बलाका आडमा हुन्छन् । आफ्ना गाई गोरूका लागि भनी केही ठाउँ छाडिएका हुन्छन् । दलानका पूर्व पश्चिमपट्टि समानान्तरमा एक एक ढोका हुन्छन् । जसका बीचमा राखिएको ढोकाबाट भित्र पस्छन् ।

---

[२३]. दिवस तथा प्रधान, **पूर्ववत्** (पादटिप्पणी संख्या १) पृ. ३६ ।

[२४]. **उही**, पृ. ३६ ।

[२५]. **उही**, पृ. ४९ ।

भित्रको भागका दुवैतिर र डरीहरू राखेर कुन्टी (कोठा)हरू छुट्याइन्छन् । बीचमा बाटो हुन्छ । कोठाहरूमा स-साना मोका (खाल) या झ्याल बनाउँछन् । सबभन्दा उत्तरको कोठमा पूर्वतर्फ धोह्रार (देवता थान) बनाउँछन् । कोठा छुट्याउने डरीमा धान भरेर त्यसैमा देवता थान राख्दछन् भने पश्चिमतिर भान्सा बनाउँछन् । प्रायः संयुक्त परिवारमा बस्ने हुनाले घर बनाउँदा धेरै लामो बनाउने गर्दछन् । थारूहरूलाई 'भुत्वा' (भूत) ले तले घरमा बस्न दिँदैन र अफाप हुने विश्वास राख्दछन् र आफ्ना देवतालाई भुइँ तलामा राख्दछन् ।[२६] तर वर्तमानमा आएर थारूहरूले ठूला र तले तथा पक्की घरहरू बनाउन थालेका छन् । तर जति सुकै आधुनिक घर बनाए पनि अझैसम्म आफ्नो देवताथान भुइँतलामा नै राख्दछन् ।

यी जाति भूतप्रेतसित ज्यादै डराउँदछन् । कुनै मानिस विरामी परेमा पहिले गुरूवा समक्ष झारफुक गराउँछन् । यदि सञ्चो भएन भने मात्र अन्य औषधि उपचारतिर लाग्दछन् । यिनीहरूले आफ्नो घरको आँगन अगाडि गाई, भैंसी, बाख्रा, सुँगुर आदि जनावरहरू बाँध्ने गर्दछन् ।

थारू जातिमा अहिलेसम्म पनि सामूहिक परिपाटी देख्न पाइन्छ । थारूहरूको समाजमा महिलाको विशेष भूमिका रहेको हुन्छ । लगभग उनीहरू लोग्ने मानिससरह हक राख्दछन् । यो जतिमा घरको सम्पूर्ण रेखदेख घरको मुलीले गर्ने गर्दछन् । तर जेठो वा पुरूष नै हुनुपर्छ भन्ने अनिवार्यता हुँदैन, घरको जेठो शारीरिक वा मानसिक रूपले अयोग्य भएमा सबैको राय सल्लाहमा काम गर्न सक्ने योग्य सदस्यलाई घरमुलीको जिम्मा दिइन्छ । यस कामको लागि थारू महिला पनि 'घर मुखिया' घरधूर्या बन्न सक्छन् । घरको मुखियाले सबै सदस्यहरूलाई जम्मा गरेर कामको बाँडफाँड गरी उनीहरूलाई आ-आफ्नो कामको जिम्मेवारी दिइन्छ ।

संयुक्त परिवारमा झगडा भएमा घरमुली बसेर मिलाउने गर्दछन् । माइतबाट पाएको दाइजो पेवामा समेत सम्पूर्ण सदस्यको बराबरी स्वामित्व रहेको हुन्छ । तर केही कुखरा, हाँस, खसी, सुङ्गुर आदि जनावर पाल्ने आ-आफ्नो स्वतन्त्रता हुन्छ तर यसको हेरचाह भने सवै परिवारले गर्दछन् ।

---

[२६]. सूचना विभाग, **पूर्ववत्** (पादटिप्पणी संख्या १४), पृ. २५४ ।

थारूहरू छुट्टाछुट्टै बस्न मनपराउँदैनन । सामान्यतयाः वन, नदी नजिक पारेर बाक्ला गाउँहरू बसेका हुन्छन् । यिनीहरूले अन्नपात सरसामान राख्ने माटाका कलापूर्ण ठूला साना भण्डार (डेहरी, कौइठ, कोठली) बनाएका हुन्छन् । मुजा बनाएर बाँसका थकारी र चारपाटे कोठा पनि बनाएका हुन्छन् । लुगा-गहना आदि राख्न यिनीहरूले आफैले बनाएको ढकिया बीडा आदिको प्रयोग गर्दछन् ।

थारू गाउँहरूको काम कारवाही पनि सामुहिक नै हुन्छ । गाउँलेहरू एकै ठाउँमा जम्मा भएर परिआएको काम कुराको सल्लाह गर्दछन् । घरघरमा घरमुखिया (घरधूर्या) भए झै गाउभरिमा वड्को घरिया (महतौ) चुन्दछन् । महतौ (मतावा) ले नै 'कचहरी' बोलाउँछ र सवै जम्मा भएर गरेको निर्णय मात्र गाउँमा लागू गर्दछन् ।

गाउँलेहरूले एकै ठाउँमा 'भरवास' विघाड, खरिहान बनाएका हुन्छन सवै गाउँलेहरू मिलेर गाउँको काम गर्ने र एक अर्कालाई सहयोग गर्दछन् ।[२७] बेला मौकामा गाउँ भरिका मिलेर शिकार खेल्ने पनि चलन छ । यिनिहरू आला बर्छी जाल लिएर जंगलमा मृग, वदेल, खरायो आदि शिकार गर्दछन । प्रायः सबै जसो थारूहरू जहाँसुकैको होस यिनीहरूको सवभन्दा प्रिय शिकार माछा हो । गाउँभरीका मान्छे जम्मा भएर माछा मार्दछन् र निकै उत्साहित पनि देखिन्छन् ।

## ३.८ पहिरन

दाङ्ग, देउखुरी, नवलपुर, चितौन, उदयपुर, बाँके, बर्दिया आदि ठाउँका थारूहरूको पहिरन फरक फरक किसिमको रहेको छ । पुरूषहरू टोपी, भेगवा (धरो), सानो लङ्गोटीका कछाई, च्यादर अनि चम्पलको रूपमा पौवा जो काठाबाट बनाइएको हुन्छ, लगाउने गर्दछन् ।[२८] महिलाहरूमा विवाहित र अभिवाहितको फरक फरक किसिमको भेषभुषा हुन्छ । विवाहित महिलाहरूले गुन्या, दाहिनाहा, चुन्या (एउटा-चोली जुन अगाडि क्रस गराएर पछाडि बाँधिन्छ जसमा एक एकवटा तुनामा फुर्का हुन्छन्) यिनीहरूको गुन्या सेतो, साधा कपडा जसमा वुट्टा हुँदैन ।[२९] त्यसलाई अड्याउन पेटि बाँधिन्छ र माथि चुल्या लगाउँछन् । चुल्यामा बटन भएको हुन्छ । अविवाहित महिलाहरू (बठनिया) चुल्या

---

[२७]. घिमिरे, **पूर्ववत्,** (पदटिप्पणी संख्या ९), पृ. १६ ।

[२८]. सूचना विभाग, **पूर्ववत्,** (पादटिप्पणी संख्या १४), पृ. २५० ।

[२९]. **उही**, पृ. २५० ।

(पछाडि फुर्का पारेर बनाएको हुन्छ), गुन्या, पेटी (कालो कपडामा त्यसमा पैसाको हुक राखेर बनाइएको हुन्छ) ।[३०] कपालमा डोरी, रिवन र जुरो बनाउँछन् । थरूनीहरूको केश विन्यास एकदमै आकर्षक किसिमको हुन्छ । उनीहरूले कपाल सिन्काको सानो फाँडोले कोर्दछन् । अनि जाडो याममा गत्या (पछ्यौरा) ओड्छन् । जसलाई पछाडि राखेर अगाडि गाठो पारेर बाधिन्छ । यिनीहरूको हात, खुट्टा, पिठ्यू र छातीमा समेत गोदाउने चलन थियो । हाल आएर यस चलनमा निकै कमी आएको छ ।

थारू महिलाहरू मङग्या (शिरवन्दी), सुत्था, पोते, चाँदी र पैसाको माला रातो, पहेलो टिकुली झिमिलिया आदि गहना लगाउँछन् । हातमा तर्घा, कन्घर्ला (कालो धागोले बनाएका) लगाउँछन् । त्यस्तै कानमा झिमिलिया, घेतौरा कानको माथिदेखि तलसम्म साना मुन्द्री, भुर्की (मारवाडी जस्तो साधा) आदि लगाउँछन् । चाँदीको पैसाको औठी, नाकमा सुनको फुली, नथीया (ठूलो चुरा जत्रो र बीचमा मुङ्गा राखेर बनाइएको हुन्छ, जुन चाडपर्व आदिमा लगाइन्छ), खुट्टामा चाँदीका पाइल चुरवा (यो मोटो आकारमा हुन्छ) चाँदीका विधया लगाउछन् ।[३१] पुरूष मानिसले कानमा मुन्द्री लगाउछन् । तर वर्तमान अवस्थामा आएर थारूहरूको भेषभूषा र गहनामा धेरै परिवर्तन आइसकेको छ । जसले गर्दा उनीहरूका भेषभूषा र गहनाहरू केही लोप भइरहेका र लोप हुने अवस्थामा छन् ।

## ३.९ खानपिन

यिनीहरूको खानपान सादा हुन्छ । थारूहरूको खानामा नुन र खुर्सानीको मात्रा बढी हुन्छ भने मसला र तेल अपेक्षाकृत कम हुन्छ । साँझ विहान दाल, भात र तरकारी खान्छन् । यिनीहरूले खानामा बढी माडको प्रयोग गर्दछन् । खाजामा जाँड, रोटी विशेष खान्छन् भने जाँड नभएमा भातको माडलाई अमिल्याएर भए पनि खान्छन् । यिनीहरूले थुङ्गीको तरकारी बनाएर पनि खाने गर्दछन् । मासुलाई यिनीहरूले शिकार भन्ने गर्दछन् । शिकारमा सुङ्गर, कुखुरा, मुसा, माछा पोलेर या पकाएर खान्छन् । जाँड र माछा मासु यिनीहरूको सबैभन्दा प्रिय भोजन मानिन्छ । थारूहरूको घरमा जाँड रक्सी अनिवार्य रूपमा हुन्छ । यिनीहरू अरू भन्दा चाडपर्वमा विभिन्न थरीका तरकारी, मासुहरूको

[३०]. प्रमिला दयित, टरिगाउँ गाविस वडा नं. ४, स्थानीय बासिन्दाको भनाइमा आधारित ।

[३१]. सूचना विभाग, **पूर्ववत्,** (पदटिप्पणी संख्या १४) पृ. २५० ।

परिकार बनाएर खाने गर्दछन् । कहिले काही घर भन्दा बाहिर वा काममा जानुपरेमा जाँड या माड बोकेर जाने गर्दछन् ।

## ३.१० घरेलु उद्योग

थारूहरू प्रायः आफ्नो समाजमा मात्र सीमित रहने र खेतीलाई मात्र जिविकाको आधार मान्ने जात भएको हुनाले सबै प्रकारका सीप सिकेका हुन्छन् । काठका सामान हला-जुवा बनाउने, माटाका भाडा, केटरी, कुठला, भकारी, हाडि, गागरा, मच्छा, खटिया, पंखा, छत्री, पिस्तुर, भर्खरी, जाल, जावी, खोडघा, गुन्द्री, पिटकी, वीणा, ढकिया, भौका आदि सवै आफै तयार पार्छन् । घर बाहिर भित्तामा माटोको सुन्दर मूर्ति बनाउँछन् । घरभित्र भित्तामा पनि थरिथरिका चित्रहरू (ज्युती) बनाउँछन् । जसमा भित्तेचित्र विशेष हुन्छ । हात खुट्टामा अनेक किसिमका राम्रा राम्रा बुट्टा बनाउँदछन् । यिनीहरू नाचगानमा पनि एकदमै रूची राख्ने गर्दछन् ।

## ३.११ पेशा

थारू समुदायको आय आर्जन गर्ने मुख्य पेशा कृषि हो । थारू समुदायका लगभग ९५% जनसंख्या कृषिमा नै आस्रित रहेका छन् । ९९.५% प्रतिशत महिला कृषि कार्यबाट जीवन निर्वाह गरिरहेका छन । थारूहरू कृषिलाई नै आफ्नो मुख्य पेशा र आम्दानीको स्रोत ठान्दछन् । खेतीपातीमा मुख्य रूपमा धानबाली, गहुँ, मसुरी, तरकारी आदिको खेतीपाती गर्दछन् भने पशुपालनमा सुङ्गुर, बाख्रा, भेडा पाल्ने गर्दछन् । भेडाको ऊनबाट विभिन्न किसिमका सामग्रीहरू बनाई बेच्ने गर्दछन् ।

त्यस्तै हस्तकलाका सामग्री जस्तैः डोका, डाला-नाम्ला, सुकुल, ढकिया आदि बुन्ने गर्दछन् । उनीहरूलाई आफूलाई जहिले पनि व्यस्त नै राख्न मन पराउँछन् । आफूले बनाएका विभिन्न सामग्रीहरू बनाई बच्ने पनि गर्दछन् । त्यस्तै हली काम, कमलही, कमैया आदिबाट पनि आय आर्जन गर्दछन् । तर यो प्रथा हराइसकेको छ । त्यस्तै अन्य रोजगारीमा वैदेशिक रोजगार, सरकारी पेशा, अन्य विभिन्न थरीका पेशा अपनाएको पाइन्छ ।

सम्पूर्ण नेपालका थारूहरूमा भौगोलिक, प्राकृतिक तथा सामाजिक कारणले गर्दा केही न केही अन्तर पर्दै गएको देखिन्छ ।

# चौथो अध्याय

## दयित थारूहरूका मुख्य संस्कारहरू

संस्कार भन्नाले समाजमा व्यक्तिको सामाजिक हैसियतलाई कायम गर्न गरिने बिभिन्न प्रकारका परम्परागत क्रियाकलापहरू हुन जुन क्रिया सम्पन्न गरे पछि वस्तु वा व्यक्तिलाई त्यस समाजको एक अभिन्न अंगको रूपमा लिन योग्य बन्छन् । अर्को अर्थमा भन्नु पर्दा संस्कार भनेको शृद्धिकरण हो । जसरी सुनलाइ जति तेजावमा पोल्यो त्यति शुद्ध सुन भए झै मानिसलाइ विभिन्न संस्कारहरूले जन्म अगाडि देखि वा जन्मेदेखि विभिन्न संस्कार गरी शुद्धिकरण गरिन्छ । त्यसैले मानिसको जीवनमा संस्कार एक अभिन्न अंगको रूपमा रहेको छ । जबदेखि मानिस समाजमा बस्न थाल्यो तबदेखि प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संस्कारको शुरूवात भएको र क्रमिक रूपमा विकास हुदै आजको स्वरूपमा मानिसको संस्कारसँग घनिष्टको सम्वन्ध रहन गयो । संस्कारले नै मानिसलाइ सामाजिक र अनुशासित वनाउँछ । मानिसको जीवनलाइ पूर्णतातिर लैजानका लागि संस्कारको विकास भयो, जसले व्यक्तिको जीवनलाई परिशुद्धि तथा पवित्र बनाउँदछ । वैदिक कालदेखि नै समाजमा प्रचलनमा रहदै आएको संस्कार जाति अनुसार फरक छन । कुनै जातिको धेरै र कुनै को थोरै मात्र संस्कारहर रहेको पाइन्छ । मानव जीवनका शरीर, इन्द्रीयहरू, मन, वुद्धि, अहंकार, जीवनभाव आदि जति नै अङ्ग छन् यी सबैका अत्यन्त उत्कर्षसम्म अनेक संस्कार हुन्छन् ।[1] स्थान र जातमा अर्को जातिको प्रभावले पनि त्यस जातिको संस्कारमा परिवर्तन तथा मिश्रण हुन्छ ।

टरिगाउँ गा.वि.स का दायित थारूहरूको संस्कारमा पनि हिन्दु संस्कारका केहि प्रभाव परेको पाईन्छ । यहाँका थारूहरूको प्रमुख रूपमा चार प्रकारका संस्कारहरू प्रचलनमा रहेको पाइन्छ जुन यस प्रकारका छन् :

१. जातकर्म (जन्म) संस्कार

२. मूडभ्वाज (मुन्डन) संस्कार

३. भ्वाज (विवाह) संस्कार

४. अन्त्येष्टी संस्कार

---

१. भरत प्रसाद लामिछाने, **संस्कृति र संस्कार** (वाराणसीः अनुष्ठान प्रकाशन, पहिलो संस्करण, वि.सं. २०६३), पृ. १० ।

## ४.१ जन्म संस्कार

मानिस जन्मेपछि मर्छ । मानिस जन्मेपछि त्यसलाई शुद्धिकरणका लागि जन्म संस्कार गरिन्छ । त्यसैगरी दयित थारूहरूमा पनि जन्म संस्कार आफ्नै विधिअनुसार गरिन्छ । तर यिनीहरूले यो संस्कारलाई त्यति महत्व दिएको पाइँदैन । थारूहरू गर्भवती महिलालाई खेतिपातीका साथै अन्य काममा सक्रिय गराँउदैनन् । यस समाजमा घरमा नै सजातीय सुडेनीद्वारा वच्चा जन्माउने चलन छ । यिनीहरूले प्रायः भूइतलामा नै सुत्केरी गराउँछन् ।

वच्चा जन्मेपछि वच्चाको नाभी काट्ने कार्य सुडेनीले गर्छे र नाभी गाड्ने काम कगेरेनले गर्छे । नाभी झरेपछि सुत्केरी चोखिने गर्छन् । चोखिँदा आफु सुतेको कोठा गोबरले लिपेर बच्चा र आफूले नुहाई धुवाई गरी सुनपानी अविर छर्केर शुद्ध पार्छन् । यिनीहरूको सुत्केरी चोखिने कुनै निश्चित समय वा दिन हुँदैन ।[२] यो संस्कार बच्चाको नाभी झरेपछि जहिले पनि गर्न सकिन्छ । सुत्केरी हुँदा घरको परिवारमा मात्र सुतक पर्छ भने अन्य गोतियार, सपीण्डीमा पर्दैन । यसरी चोखिदा सुत्केरी गराउने सुडेनीलाई पैसा, लुगा दिने चलन रहेको छ ।

### ४.१.१ घटवा करैना

जन्म संस्कार अन्तर्गत यो संस्कार गरिन्छ । यो संस्कार वच्चा जन्मेको ७ या ९ दिन पारेर राम्रो विजोड दिन हेरि गुरूवाद्वारा गराइन्छ । यसमा सुत्केरी घटवा (खोला)मा गई नुहाई गोवरको थुप्रोलाई सिन्दुरले पुजा गरी घर फर्किन्छन् अनि मात्र शुद्ध हुन्छ । त्यसपछि नाङलोमा चामल, पैसा राखी त्यसमाथि शिशुलाई सुताई पहिलो पटक सूर्यको दर्शन गराइन्छ र सो चामल, पैसा कन्यालाई दिइन्छ । घटवा करैना संस्कार गर्ने दिनमा सुत्केरी तथा सुडेनीलाई मिठो मिठो विभिन्न परिकारहरू खान दिइन्छ । घरमा वच्चा जन्मेपछि सर्प, कीरा आदिबाट टाढा रहन ढोका अगाडि “पिना” बालेर धुँवा लगाइन्छ ।[३]

दयित थारूहरूको समाजमा बच्चाको नामकरण गर्न कुनै निश्चित दिन र नियम हुँदैन । शिशु जम्मेको बार, शिशुसित सम्वन्धित घटना र उसको आनीवानी, आकार र

[२]. प्रमिला दयित, टरिगाउँ गाविस वडा नं. ४, स्थानीय बासिन्दाको भनाइमा आधारित ।

[३]. के.बी.चौधरी, टरिगाउँ गाविस वडा नं. ४, स्थानीय बासिन्दाको भनाइमा आधारित ।

देविदेवताका नामबाट समेत नाम राख्दछन् । जस्तैः आंगनमा जन्मेकालाई, अङगन्या, विदेशमा बच्चाको बाबु गएको बेला जन्मेकालाई परदेशिया, आइतबार जन्मेकालाई आइते, वच्चा ढाट्ने छ भने ढाड, वच्चा रून्चे छ भने रून्च्या आदि नाम राख्ने गर्दछन् । वच्चाको नाम उसको बाबुआमा वा घरको अगुवाले राख्ने गर्दछन् ।[४] वर्तमानमा अन्य समाजको प्रभावले विभिन्न विधिअनुसार यस्ता संस्कार सम्पन्न गर्दछन् । यसमा छैंठी, पास्नी आदि पर्दछन् ।

## ४.२ मुण्डन (मुड्भ्वाज) संस्कार

यो संस्कार सम्पन्न परिवार, सन्तानको कमी भएका दयित थारूहरूले सम्पन्न गर्दछन् । यो संस्कार छोरा जन्मे मात्र गरिन्छ भने छोरी जन्मेमा यो संस्कार गरिँदैन । मुण्डन गर्दा वच्चा ३/५ बर्ष (विजोड वर्ष) को हुनुपर्छ । यसरी ३/५ बर्षको पुगेपछि माघ या फागुन (शुक्ल पक्ष) मा सोमबार या वुधबार पारेर त्यो दिनमा विहानै घरका मानिस जम्मा भएर मादल बजाउँदै, रमाइलो गर्दै घर बाहिर लिपेको आँगनमा काठको पिर्कामाथि केटालाई बसाउँछन् र बच्चाको मामाले छुराले कपाल काट्छन् । कपाल काट्दा शिखा समेत नबचाई कपाल खौरिन्छन् । त्यसपछि मादल बजाउँदै बच्चालाई लिएर सवैजना नदीमा नुहाउन जान्छन् । बच्चालाई नुहाई सकेपछि नयाँ कपडा, सेतो पगडी, गहना आदि लगाई दिन्छन् । त्यसपछि आमन्त्रित दाजु, भाई, इष्टमित्रले केही रूपियाँ, पैसा उपहार दिन्छन् । अनि केटाको साथमा बसेर जाँड रक्सी, प्रसाद आदि खान्छन् । त्यसपछि नाचगान गर्दै घरतर्फ जान्छन् र घरमा सामान्य भोज हुन्छ । भोज ख्वाई सकेपछि आगन्तुक सवैलाई केटाले ढोगेर विदा गर्छ ।[५] यसरी दयित थारूहरूको मुरभ्वाज संस्कार सम्पन्न हुन्छ । तर, वर्तमान समयमा यो मुरभ्वाज संस्कारमा पनि परिवर्तन हुदै गएको पाइन्छ । अन्य जातिको देखासिकिमा त्यसै अनुरूप यो संस्कार गर्ने प्रचलन आएको पाइन्छ ।

---

[४]. लक्ष्मण चौधरी, टरिगाउँ गाविस वडा नं. ४, स्थानीय बासिन्दाको भनाइमा आधारित ।

[५]. टेकनाथ गौतम, **थारू जातिको इतिहास एवं संस्कृति** (दाङः थारू पुराण, शुशिल कुमार गौतम, वि.सं. २०४४) पृ. ७ ।

## ४.३ भ्वाज (विवाह) संस्कार

विवाह दुई आत्माको मिलन हो । यस संस्कारको मुख्य उदेश्य दुई अपरिचित स्त्री-पुरूष आफ्नो जीवनभरी एक-अर्कालाई दुःख, सुखमा अनि हरेक कुरामा साथ दिने र वंशज बढाउने साथै जीवनलाई रोमाञ्चकारी गराउनु हो । विवाह संस्कार मानिसको जीवनको लागि महत्वपूर्ण संस्कार हो । यो संस्कार वैदिक कालदेखि नै सुरू भएको मानिन्छ । विवाहको विधि जाति र स्थान अनुसार फरक-फरक रहेको पाइन्छ । यो विवाह संस्कार सवै जातिमा हुन्छ ।

त्यसै गरि टरिगाउँ गा.वि.स वडा नं. ४ का दहित थारूहरूको विवाह पद्धति पनि आफ्नै किसिमको छ । यिनीहरूमा विवाह मामा, फुफु, सानीमा, ठूलीआमा, दाजु, भाइ, दिदी, बहिनीका छोरा-छोरी बाहेक अन्य सबैसँग चल्छ । यिनीहरूको प्रायःजसो विवाह अभिभावकले नै निश्चित गरिदिन्छन् । यो ठाउँका दयित थारूहरूको विवाह यस प्रकार छन्:

१. साटो विवाह (मागी)

२. प्रेम विवाह,

३. वहु विवाह,

४. वालविवाह,

५. भाउजु स्थानै,

६. विधुवा विवाह,

७. भ्वाँर पैस्ना (घर ज्वाई) ।

दयित थारूहरू वैध विवाह गर्दा फागुन महिनाको को धवर (शक्न पक्ष) मा उत्तम मान्दछन् ।[६] पहिले पहिले यिनीहरूमा बाल विवाह पनि गर्ने प्रचलन पनि थियो । विवाह गर्दा केटाको भन्दा केटीको उमेर केही वर्ष वढी भए पनि सामान्य मानिन्थ्यो । किनकि थारूहरू संयुक्त परिवारमा बस्ने र धेरै काम गर्नु पर्ने भएकोले यसो भएको मानिन्थ्यो ।[७] यसरी सानो उमेरमा नै आफ्नो छोराछोरीको विवाह गराउनु भनेको परिवारको प्रतिष्ठाको विषय हुन्थ्यो ।

---

[६]. गौतम, **पूर्ववत्,** (पादटिप्पणी संख्या ५), पृ. ५२ ।

[७]. **उही**, पृ. ५२ ।

### ४.३.१ मागी विवाह

धेरैजसो घरका सबै निर्णय घरको सबभन्दा पाको व्यक्ति (घरधुर्या) ले गर्ने चलन छ । त्यसै गरी मागी विवाहको छिनोफानो पनि घरधुर्याले नै गर्दछन् । जुन घरबाट बुहारी ल्याइन्छ त्यही घरमा आफ्नो छोरी दिने गरिन्छ ।[८] जसलाई साटो विवाह भनिन्छ । यसलाई थारूहरूले उत्तम मान्दछन् । यदि साटो अनुकुल नभएमा “झाडा” भनी केटीको मोल लिने दिने गर्छन् । सो मोल आपसी समझदारीद्वारा गरिन्छ । यदि साटो विबाहमा दिएकी एकतर्फको केटी अन्य ठाउँमा गएमा या लोग्नेको घरमा नबसेमा दुवै घरमा ठूलो कचिंगल (झगडा) हुन्छ । छोरीलाई पनि ज्वाइ छोड्न लगाइन्छ । यसरी माइतीको आज्ञा मानी केहीले आफ्नो सन्तान र लोग्ने छाड्न गाह्रो मान्दैनन् । पछि त्यो केटीलाई माइतीले फेरी अन्यत्र विवाह गराई झगडा असुल गर्छन् । यसरी साटो या झगडाको कुरा मिलेपछि अन्य केटा र केटीको घरमा विवाहको कुरा चलाइन्छ । केटी पक्षले छोरी दिन मन्जुर गरेमा केटा पक्षबाट ल्याएको च्यादरको टुप्पोमा र बर्छीर (लठ्ठी) मा रातो रङ्ग र सेतो टिका लगाइदिन्छन् ।[९] यसरी केटी पक्षबाट रङ्ग लगाइ दिएपछि विवाह पक्का भयो भन्ने बुझिन्छ र केटा पक्षका मानिसहरू बंगुर (सुगुर) को मासु लिएर केटीको घरमा गई उसका बुबा, दाइ, भाइ अर्थात् पुरूषहरूलाई मात्र गएर भोज खुवाई आफ्नो घर फर्कन्छन् । यसरी केटा पक्षका मान्छेहरूले केटीको घरमा बंगुरको सपेटा, एउटा गुन्द्री, भाले, रक्सी लगेर केटीको घरमा पुऱ्याइदिए पछि केटी माग्ने प्रक्रिया पूरा भएको मानिन्छ । त्यसपछि विवाहको दिन तोकिन्छ । विवाह खास गरेर फागुन महिना, वुधबारको दिन त्यसमा पनि विशेष गरी साँझमा गरिन्छ ।

विवाहको कुरा सवै टुङ्गेपछि केटीले केटाको पक्षबाट केही वस्तुहरू माग गर्दछन् । केटीको माग अनुसारको सरसामान जस्तैः कपडा, चामल, नुन, तेल, आदि केटा पक्षले विवाहको एक दिन अगाडि पठाउने चलन छ । अनि विवाहको शुरूवात केटाको घरमा डयूलि फुट्ना (डयूलि डर्ना) कार्यक्रम गरिन्छ । यो साझतिर गरिन्छ । डयूलि फुट्ना कार्य गर्दा सबभन्दा पहिला सालको पातको ठुल ठूला दुइवटा टपरी बनाइएको हुन्छ । यो टपरी केटा मान्छेहरूले मात्र बनाउँछन् । टपरीको जडानबाट सात फन्को हुने गरी टपरीको

---

८. गौतम, **पूर्ववत्,** (पादटिप्पणी संख्या ५) पृ. ५२ ।

९. चौधरी, **उही** ।

पात गाँसिन्छ । टपरी गाँसी सकेपछि दुलहाको भाउजु, वहिनी (विवह नभएको) अनि एकजना मतावाको छोरीको मुख्य भूमिका हुन्छ । उनीहरू आफ्नो पूरा श्रृङ्गार गर्दछन् । दुलहाका भाउजु, वहिनी र मतावाको छोरीहरूबाट त्यो टपरी देवताथानमा लग्दछन् अनि रङ्गीचङ्गी गरी सजाएको दुईवटा ढकियामध्ये एउटामा दुलहाको विहेको कपडा, सामान र अर्को ढकियामा मासको दाल र चामलसँगै मिसाइएको हुन्छ । त्यसपछि अघि बनाइएको दुइवटा टपरीले दुईवटा ढकियालाई छोपेर देवताथानबाट उनीहरूले नै दक्षिणतिरको कोठामा ल्याउन्छन् । यो कार्य दक्षिण तिरको तल्लो कोठामा गरिन्छ । त्यस कोठालाई गाईको गोवरले लिपिन्छ । अनि देवताथानबाट ल्याएको सवै सामग्रीहरूलाई पहिला सिन्दुर पानी र मद् (रक्सी) ले पुजा गरेर त्यहाँ राखिन्छ । त्यसपछि ढकियामा राखिएको चामल र मासको दाल एउटा जांतोमा राखिन्छ र दुलाहाको भाउजु, वहिनी र मतावाको छोरीले एक सासमा जातोमा पिसिन्छ । यो क्रम तीन चोटी मात्र दोहोरिन्छ । यसक्रममा दुलहाका आमा र अरू मानिसहरूले रमाइलो गर्दै गीत गाउँदै उनीहरूलाई व्यङ्ग गर्दछन् र त्यहाँको वातावरण नै रमाइलो किसिमको हुन्छ । त्यसलाई नै डयूलि फुट्ना भनिन्छ । यो कार्य गर्दा घरको आँगनमा हुने खानेले पञ्चेवाजा बजाउने गर्दछन् । मास र चामल पिस्ने काम सकेपछि पिसिएको मास र चामल अनि दुलाहाका सामग्री फेरि त्यहि प्रक्रियाले पुजा गरी मद् (रक्सी) लाई प्रसादको रूपमा सवैले खान्छन् । अनि त्यो सामग्रीलाई टपरीले छोपेर फेरि देवताथानमा लग्छन् र पिसिएको मास र चामल देउली देउतालाई चढाई फेरि पुजा गर्दछन् । मासको डयूलि बाडा बनाएर भूइह्याँर देउताहरूलाई रक्सीको साथ पुजा गरी सबैले मासको डयूलि बाडा खाने गर्दछन् । अनि भोलिपल्ट विहान नदीमा गएर टपरी र अरू पूजा सामाग्री आदि सेलाउने गर्दछन् ।

त्यसै दिन मध्यान्हपछि सवै सेतो रङ्गको जामा, पगरी (पग्या) अनि कानमा मुन्द्री लगाएर सिंगारिएको दुलहा पहिले धोह्वार (देवताथान)मा गएर मद् ढल्काउँछ (रक्सी चढाउँछ) अनि त्यसपछि ल्हेनर्वा (लमी जस्तै) भनिने मानिस दुलहीलाई दिने लुगा, गहना बाकी अगाडि लागेपछि दुलहा काँधमा वर्छा राखेर (बोकी) पछि लाग्छ अनि दुलहाको अभिभावक, त्यसपछि भोजिन्या, भोज्वा पछिपछि लाग्दछन् । त्यसपछि पञ्चेबाजा र गीत गाउँदै जन्ती हिड्छन् । जन्ती जाने क्रममा बाटोमा कुनै थारू गाउँ पर्‍यो भने त्यस गाउँको थारूहरूले जन्तीलाई केही वेर रोकी (परछक्की) जाँड र खानेकुराले स्वागत

गर्दछन् यसरी स्वागत गर्न आफ्नो पवित्र कर्तव्य र ईज्जत मान्दछन् । तर यो प्रचलन क्रमशः हराउदै गएको पाइन्छ दुलही लिन जाँदा दुलहा भूइह्याँर थान घुमेर जानुपर्छ ।

दुलहीको घरमा पुगेपछि दुलहीतर्फको महतौलाई दुलहाले भाले, रक्सी र गुन्द्री दिन्छ । रक्सी महतौले भूइयाँरमा लगेर ढल्काउँछ (चढाउँछ) दुलाहा पनि दुलहीतर्फको भूइह्याँर थान घुम्दछ । दुलहाको ल्हेनर्वा, भोज्वा, अभिभावक र दुल्हाको मागे दुलहीको अभिभावकले र जन्तीका गोडा दुलहीका संगिनीहरूले धुएर स्वागत गर्दछन् । दुलहालाई ढोकामा उभ्याएर लेहोरो, सिलौटा, मधानी आदिले दुलशाको शरीर वरिपरि घुमाएर पर्छिने काम गरिन्छ र आगोमा तोरी पड्काइन्छ । अनि दुलहालाई धोह्वार (देवताथान)मा लगी वेदीने र दुलहाले ल्याएका बर्छा गाड्न लगाई मद् ढल्काउन (रक्सी) चडाउन) पठाउँछन् । दुलहालाई बरीमा बसाई दुलहा समेतका सबै जन्तीहरूलाई जाँड, रक्सी, मासु आदि ख्वाई प्याई सकेपछि दुलहीका गोही (संगिनी)हरूले दुलहालाई तथा जन्तीलाई ज्यादै तीखा छेड, छाड गाली पनि गर्ने चलन छ । दुलहीका घरमा नाच्ने केटा-केटीहरूलाई दुलहाले सक्दो पैसा दिन्छ । दुलहाका घरबाट लगेका जाँड झिकी दुलहीपट्टिका पनहर्नी (पानी बोक्ने) केटीहरूलाई दुलहाले ख्वाउछ । सो ख्वाउने क्रममा एकदमै रमाइलो गरी नाचगान पनि गर्दछन् ।

विवाहको अर्को दिन विदाको भात ख्वाईसकेपछि अपरान्हतिर दुलहालाई धोह्वारमा लगी मद् ढल्काउन लगाइन्छ । अघिल्लो दिन गाडेको वर्छा ओखेली काँधमा राखेर दुलहा बाहिर निस्किन्छ । बाहिर दुलहीका निम्ति तयार पारिएको डोलीमा कपडा (जसमा हात्ती, घोडा, फूलबुट्टा आदि भएको कपडा-कपडा जोडेर बनाइएको हुन्छ) जसलाई 'झापन' भनिन्छ । त्यस कपडाले वेरेको दुलहीको डोलीमा जसमा अगाडि पट्टि घण्टी पनि झुण्डाइएको हुन्छ । डोलीलाई दुलहाको हातले छुदै प्रदक्षिणा गरेर दुलहा सहितका सबै जन्ती दुलहाका घर तिर फर्किन्छन् ।

साँझ जुन-तारा लागेपछि दुलहीतर्फकाले सो डोलीमा दुलहीलाई बोकी दुलहाको घरमा ल्याइपुऱ्याउछन् । दुलहीको डोलीमा रहेको घण्टी बज्दा दुलही आएको सङ्केत गर्दछ । दुलही नआउदासम्म दुलहा आफ्नो घरको पूर्वतिरको आँगनमा दुलहीलाई पर्खी बसेको हुन्छ । दुलही ल्याएपुऱ्याएपछि उसको स्वागतका लागि दुलहा उठ्छ तर वधुलाई सँगै खडा गराएर लावा, विनौला, सर्स्यू पर्सिएको बेसार भोजिन्याले उनीहरूलाई माथि

छिट्छे र दुवैका टाउको जुधाई दिन्छ । त्यसपछि पुरानो खर या वावियोमा आगो सल्काई पुरानो हाडीमा सो आगो राखेर त्यसमा विनौला, सर्स्यु आदि छर्की घरको पूर्वतर्फको ढोकाका संघारमा सो हाडी दुलहा र दुलहीले घोप्ट्याउछन् । त्यसपछि वर र वधुले सो हाडीलाई गोडाले कुल्चेर फोरदै पश्चिमी मुख भएर भित्र पस्छन् धौह्रत्मा लगी एउटै गुन्द्रीमा बसाएर थोजिन्याले यी दुवैको माथि सर्स्यू, पानी आदि छर्किदै फेरि टाउको जुधाउँछन् अनि दुलहीले दुलाहका गोडामा तेल लगाएर ढोग्छे, त्यसपछि सबै हातमा हात राखेर दुलहीलाई ढोग्न लगाइन्छ । दुलही दुलहाको घरमा आई पुगेपछि गरिने यो कार्यलाई परछना भन्दछन् । यो विवाहको मुख्य विधि हो ।

दुलाहा दुलहीलाई पर्छिने काम सकिएपछि दाउरा, जाँड आदिले दुलाहा वधुलाई बोकी ल्याउने मानिसको स्वागत गर्न उनीहरू बसेको ठाउँमा जान्छन् र गोडा धुने कार्य हुन्छ । यसरी सम्पूर्ण कार्य गरिसकेपछि घरमा देउता राख्ने कोठामा गएर दुलाहले वर्छी गाडी मद् ढल्काउँछ (चढाउँछन्) । बचेको मद् (रक्सी) आफ्नो जुठो दुलहीलाई पिउन दिन्छ र मद दुलहीले पिउछिन् । त्यसै दिन वा अर्को दिन गाउँको भूइह्याँर देवतालाई ढोग्न दुलाहा र दुलही जान्छन् । अर्को दिन माइती तर्फकाले बोकेको डोली चढी दुलही माइत जान्छिन् र वर्षदिन पछि आफूले बनाएका सीपका सामान ढकिया, ढक्या, बीडा, पिटकी (पेटार गुन्द्री) आदि कोशेलीको रूपमा (पठाउन आउने संगिनी) का साथ पतिको घरमा आउछे ।[१०] तर यो प्रचलन आजभोली लोप भइसकेको छ । विवाह भएपछि दुलहीका बुवा-आमा अथवा दुलहाका सासु-ससुरालाई जांदा वा दशै मान्न जांदा खटौली, दप्चा, गोन्द्री रङ्गीचङ्गी भएको दाउरा, रक्सी सुगुरको मासु भाले, कुर्सी पिटेकी आदि लिई जानु पर्छ ।

थारूहरूको विवाह अति खर्चिलो हुन्छ । भाँडा, लुगा, गहना आदि दिनु त छदैछ, ३/४ दिन पछि सम्म ४/५ जनाले स्वास्नी मानिसले पकाउने, जाड छान्ने, ख्वाउने मात्र काम हुन्छ । अरूको विबाहमा नियन्त्रित मात्र जाने हुन्छ तर थारूको विवाहमा जानलाई निम्तो चाहिन्न । भोजमा जो कोही पनि जान्छन् ।

थारूहरूको रीतिरिवाज अरू जातिहरूको भन्दा भिन्न किसिमको हुन्छ । विवाहमा पनि अवैध सम्पर्क या उरहरक (फकाएर) ल्याएकीलाई पनि वैध विवाह, मागी विवाहमा

---

[१०]. तुलसी दिवस, प्रमोद प्रधान, **थारू लोकवार्ता तथा लोकजीवन** (काठमाडौँः नेपाली लोकवार्ता तथा संस्कृति समाज, वि.सं. २०६५), पृ. ७८ ।

जस्तै दुलहाका घरमा जे जारी विवाहमा भने भारी गरी ल्याएको दुलहीलाइ भित्र्याउन भन्दा पहिले केटाका घरमा पूर्व तर्फको आगनमा दुप्पो काटेको केराको थाम गाडिन्छ र त्यसलाई टोपी लगाई दिएर सो थामलाई केटाले देखाउँदै केटीसित यो को हो भनेर सोधेपछि केटीले 'यो तोहार जार हो' भनी परिचय (चिन्हाए) पछि केटोले केटीसित 'काटु' भनी तीनचोटी अनुमति माग्छ । केटीले काट्ने अनुमति दिएपछि केटाले एकै चोटमा खुकुरीले सो केराको थाम काटेपछि विवाहको रीतिरिवाजको साथ भित्र्याउँछ ।[११]

त्यस्तै भ्वाँर पैस्नामा आफ्नो घरको थर छोडेर अर्काको घर ग्रहण गर्ने केटा वा केटीलाई र विधवा स्त्रीलाई पत्नीको रूपमा यसमा विधुवा स्त्रीलाई केटाको लुगा गहना पहिराई स्त्रीलाई पुरूष र पुरूषलाई स्त्री मानी भित्र्याइ विधि पूरा गर्ने गर्दछन् । थारूहरूमा दाजु मरेपछि विधुवा भाउजुलाई देवरसित विवाह गरिदिने चलन रहेको छ ।

थारूहरूको मागी विवाह र प्रेम विवाह वाहेक अरू सवै लोप भएको र कुनै लोप हुने अवस्थामा छन् । वर्तमान समयमा आएर थारूहरूको विवाह अरू जातको देखासिकिमा सिन्दुर हाल्ने, अनि दुलहाले र दुलहीले आफ्नो परम्परागत कपडा नलगाई सुट, वुट, अनि साडी आदि लगाउने प्रचलन वढ्दै गएको पाईन्छ ।

## ४.४ मृत्यु (उद्धार) संस्कार

मानिस जन्मेपछि एक दिन मर्नु पर्ने यो एउटा ध्रुव सत्य हो । मानव जव जङ्गली अवस्थाबाट समाजमा बस्न थाल्यो र स्वर्ग, नर्क, पुनर्जन्म, आत्माजस्ता कुराको आध्यात्मिक कुराहरूको विकास हुन थाल्यो । तबदेखि मृत्यु भएका मनिसहरूको अन्तिम संस्कार गर्नु पर्ने रहेछ भन्ने भावना क्रमिक रूपमा विकास हुदै आयो । यिनै संस्कारहरूको प्रभाव हरेक जातिहरूमा परेको छ । यदि मृत्यु संस्कार राम्रोसँग भएन भने नराम्रो शक्ति (आत्मा) ले भूत, पिसाच, राक्षस आदि भएर मानवमात्र नभएर पशुपंक्षी र वालीनालीलाई समेत नोक्सान पुऱ्याउँछ र यदि मृत्यु संस्कार राम्रोसँग गरियो भने मरेको मान्छे स्वर्गमा गई फेरि पुर्नजन्म लिन्छ भन्ने विश्वास रहेको पाइन्छ । त्यसैले मृत्यु संस्कारलाई हरेक जातिले महत्वपूर्ण संस्कारको रूपमा मान्दै आएको पाइन्छ । त्यसै गरी थारू जातिले पनि मृत्यु संस्कार आफ्नै किसिमले गर्दछन् ।

---

[११]. गौतम, **पूर्ववत्,** (पादटिप्पणी संख्या ५), पृ. ५४ ।

टरिगाउँ गा.वि.स वडा नं. ४ मा पर्ने पढ्दा गा.वि.स का थारूहरूले मृत्यु संस्कारलाई उद्धार भन्दछन् । यसरी उद्धार गरिँदा कुनै मानिस मर्न लागेको छ भने मृतकको मुखमा हिरण (चामल र सुन पानी) राखी दिन्छन् । मरेपछि चिल्खा, कोल्कत्या, टेलडेह्वा थारूले सवै अन्नको विउ, खाने चामल, दाल, मुर्दाका लुगा बोकी अगाडि लागेपछि उल्टो खटियामा मुर्दालाई रातो वा सेतो कपडाले छोपेर लासलाई पूर्वी ढोकाबाट घाटतिर लागिन्छ र घरका आइमाइले मुर्दालाई सुताएको ठाउँमा गाईको गोवरले लिपपोत गरी पीठो फिजाएर त्यस माथि बत्ति बाली सो बत्तिलाई डालो, छिट्वा, डोका आदि कुनै एक वस्तुले छोप्दछन् । गाउँका सवै आईमाई मरेको घरमा एकत्रित भइ सो घर लिपपोत गरी सबै भाडा माझी एकसाथ नदीमा गई नुहाउँछन् । मलामीहरूले मुर्दाको साथ लगेका खाने सामान, लुगा आदि सवै मुर्दाका सिरानतर्फ राखिदिन्छन् । मुर्दालाई गाड्न उत्तर दक्षिण पारेर खाल्टो खनिन्छ । उत्तरतिर शीरपारी पुरूषलाई घोप्टो र स्त्रीलाई उत्तानो पारी च्यान माथि राख्दछन् अनि नुहाएर टोपी फुकालेर घरमा फर्किन्छन् ।

मलामी घर आईपुगेपछि पहिलेदेखि नै छोपेर बत्ति बालेको ठाउँबाट छोपेको चीज झिकिन्छ अनि एक दुईजना आइमाइले गहिरिएर सो पिठो फिजेको ठाउँमा हेर्छन् र जुन जनावरको पाईला देख्छन् मर्ने मानिसले सोही जनावरको जुनी पायो भनी विश्वास गर्दछन् । यसरी हेर्दा चरा, मान्छे तथा अन्य जन्तुको पाईला जस्तो भएको मानिन्छ ।[१२] मलामीको निम्ति तेल, वेसार, नहालेको अनिलो दाल, भात र तरकारी समेत पकाएको हुन्छ । मृतात्माका निम्ति भनेर सबैले एक-एक कोरा (गाँस) पन्छ्याउँछन्, जसलाई कहर्ना भनी मृतकको नाममा, दालभात तरकारी भुईमा राखिन्छ । त्यसपछि दाल, भात र तरकारी खाने गर्छन् । त्यसपछि सोमबार या विहीबारको दिन जेठो छोरा भए त्यसले नभए कुनै एक छोराले कपाल फाली नुहाएर सेतो कपडा, पगडी (पप्चा), पौवा (खराउ) लगाई घरमा आउँछ । घरमा माथिबाट कुनै चीज नखस्ने स्थानमा जाल आदिले ढाकी कोठामा कसैलाई नछोइने बस्ने गर्छ । क्रिया बस्नेले विहान-साँझ नुहाउने, पानी आफैले ल्याई भात पकाई खाने, वेलुकी मकै भुटेर खाने गर्छन् अनि हरेक वेलुकी घर भन्दा अलि पर बाटोमा गएर बत्ति बाली क्रिया बसेको कोठाबाट बाहिर निस्कनु परेको हुरी, खन्ती भएको लाठी हातमा लिएर र खराउ खुटामा लगाइए निस्कन्छन् । अनि किरिया बसेको

[१२]. गौतम, **पूर्ववत्**, (पादटिप्पणी संख्या ५), पृ. ५५ ।

बाहेक अरू परिवारका सदस्यहरूले तेल, वेसार, मासु केहि नखाई वा अनिलो खाना खाने गर्दछन् भने अरू सवै गोतियारले छाक बार्दैनन् र सबैले खानाहरू खान्छन् । यिनीहरू जुठो परेको वेला पुजा, विवाह, आदि शुभ कार्य गर्दैनन् । यिनीहरूले ७ या ९ दिनमा सोमबार वा विहिबार पारेर शुद्ध शान्ति गर्दछन् । यसरी चोखिँदा घरका सवै उमेर पुगेका मानिसले नुहाई, गौत, सुनपानी छर्कन्छन् अनि क्रिया बस्नेले दाल, भात, तरकारी, सुंगुरको मासु, मृतात्मालाई पिण्ड समेत दिई ९ पुस्तालाई पिण्ड दिने गर्छ ।[१३] त्यसपछि क्रियापुत्र घरका परिवार इष्टमित्र आदि सबैले दाल, भात, तरकारी, सुंगुरको मासु, रक्सी, जाँड खाने गर्दछन् र गाउँलेलाई समेत डाकी खुवाउँछन् । यसरी चोखिंदा सुगुरको मासु अनिवार्य मानिन्छ । त्यसवेला बनाएको खाने कुरा वाहिर लान र बासी राख्न हुँदैन भन्ने मान्यताले गर्दा बाँकी रहेको खानेकुराहरूलाई जमिन मुनि गाँड्ने गर्छन् । यसरी क्रिया बस्दा प्रयोगमा ल्याएका सामान, भाडाकुडा, सवै भातोको हुन्छ वा सबै त्यसलाई फुटाली फ्याँकी दिने गरिन्छ । अनि आफ्नो सामर्थ्य अनुसार नयाँ देउता बनाइन्छ जसलाई पित्रृ बनाउने भन्छन् । त्यसमा सुङ्गुरको पाठा, बाखाको पाठा, चल्ला आदि चाहिन्छ । यदि घरमा बाधा व्यवधान परिरहेमा पछिल्लो उद्धार कार्य विधिपूर्वक नभएको कारणले हो भनेर उद्धार कार्य फेरि दोस्रो या तेस्रो पटक पनि गर्ने गर्दछन् ।

यी विभिन्न प्रक्रियाद्वारा अन्त्येष्टी (मृत्यु) संस्कार गरे पनि आजभोलि यो संस्कार गर्ने प्रक्रियामा भने केही परिवर्तन आएको देखिन्छ । हाल थारूहरूले मृतकलाई गाड्ने चलनलाई छाड्दै लासलाई नदीमा लगेर जलाउने पनि गरेको पाइन्छ ।

---

[१३]. चौधरी, **उही** ।

# पाँचौ अध्याय
# दयित थारूहरूले मनाउने चाडपर्वहरू

## ५.१ चाडपर्व

चाडपर्व हरेक जातजातिको आफ्नो संस्कृतिक आधार हो भने लोक जीवनको मनोरञ्जन र विश्रामको अवसर पनि हो । प्रत्येक जातजातीले आ-आफ्नो रीतिरिवाज, चाल-चलन अनुसार विभिन्न चाडपर्वहरू मनाउने गर्दछन् । चाडपर्वले मानिसको व्यवहार संस्कार आदिलाई कायम गर्दै आफ्नो जातिको पहिचान कायम गर्दै आएको हुन्छ । जसले गर्दा चाडपर्व मानिसको अभिन्न अंग बनेको छ । धनी, गरिब, ठूला, साना, शिक्षित अशिक्षित जसले पनि आ-आफ्नो धार्मिक आस्था अनुसारको चाडपर्व मान्दछन् । यी चाडपर्व कुनै घटना, धार्मिक, ग्रन्थहरूमा वर्णित देवी देवताहरूसँग सम्वन्धित घटनाहरूका आधारमा खुशीयालीसँग, कुनै सरल सम्वद्धसँग जोडेका हुन्छन् । यसै गरी थारूहरूले पनि चाडपर्व मनाउनुको पछाडि पनि थुप्रै कारणहरू रहेका छन् । त्यसै गरी थारूको चाडपर्व विभिन्न समयमा विभिन्न नाम दिई प्रत्येक चाडपर्वको फरक फरक विधि विधान अनुसार मनाउने गर्दछन् । यी चाडपर्वको पनि आफ्नै संस्कृतिक, धार्मिक, सामाजिक तथा आर्थिक महत्व रहेको पाइन्छ । यी सबै चाडपर्वमा लगभग मासु र जाँड अनिवार्य रहेको पाइन्छ । त्यस मध्ये दलित थारूहरूले वर्षभरिमा विभिन्न चाडपर्वहरू मनाउँछन् । तर यहाँ केहि मुख्य मुख्य चाडपर्वको बारेमा वर्णन गरिने छ । ती हुन् क) माघी, ख) कृष्ण अष्टमी, ग) अतुवारी, घ) बडादशैं, ङ) तिहार आदि ।

### ५.१.१ माघी अर्थात् माघे वा मकर संक्रान्तिः

यो चाडलाई सबै थारूहरूले नयाँवर्षको रूपमा धुमधामका साथ मनाउने गर्दछन् । यो पर्व मनाउनको मुख्य कारण बसन्त ऋतु पनि यहि बेलादेखि सुरूवात हुने भएकोले किसानहरूको लागि यो पर्वको महत्व रहन गएको हो र यसै उपलक्षमा नयाँवर्ष सुखः समृद्धि र फलिफाप होस् भन्ने कामनाका साथ यो पर्व मनाउने गर्दछन् । यसै सयममा यिनीहरूले वार्षिक खर्च र आम्दानीको हिसाव किताव पनि गर्ने गर्दछन् । थारूहरूको माघि पर्व सामाजिक दृष्टिले पनि उत्तिकै महत्वपूर्ण मानिन्छ । यस पर्वमा

धनि, गरीव, ठुला, साना आदि सबैले कुनै भेदभाव नराखी एक अर्काको गाउँमा र घरघरमा गई खानपान तथा नाचगान गर्ने गर्दछन् । यस माघी पर्वमा परिवारको सबै सदस्य जहाँ भएपछि एकै ठाउँमा भेला भएर मनाउने गर्दछन् । परिवारको कुनै सदस्य आर्थिक उपार्जनको लागि बाहिर गएको छ भने पनि यो पर्वको लागि ऊ गाउँघर आइपुग्छ । यस चाडमा कमैया, कम्लरी बसेकाहरूको लागि पनि घरमा गएर चाड मनाउन बिदा दिने परिपाटी रहेको छ । यस समयमा उनीहरूले कमाएको अन्न पैसाले परिपूर्ण हुन्छ जस्ले गर्दा यो चाड मनाउन धेरै समस्या पर्दैन । यो चाड समग्रमा हेर्दा सामाजिक सद्भावना तथा समन्वयको माध्यको रूपमा मान्न सकिन्छ ।

यो चाड सांस्कृतिक दृष्टिकोणले पनि अति महत्वपूर्ण मानिन्छ । किनभने यस पर्वमा सबै केटाकेटी, युवायुवतीहरू जम्मा भएर मादल, झ्याली, मजुरा, ताली बजाएर माघी गीत गाउँदै, युवाहरूले बाजा बजाउने र युवतीहरू नाच्ने गर्दछन् । युवायुवतीहरूको अलग अलग समूह हुन्छन् । यो नाच गीत र बाजाहरूको तालमा केन्द्रित भएर नाचिन्छ । यिनीहरू नाच्दै गाउँदै गाउँका घरघरमा र मालिकहरूको घरमा पनि जान्छन् । माघीको यो नाच हप्ताभरि रंगिचंगी लुगा लगाएर श्रृंगारपटार गरी नाचगान गरिन्छ ।

आर्थिक दृष्टिले पनि थारूहरूको यो पर्व महत्वपूर्ण मानिन्छ । पर्वको अन्तिम समयमा वर्षभरी काम गरेको के कति लेनदेन गर्नु पर्ने हो सबैको लेखाजोखा गरिन्छ र आउंदो बर्षको लागि के कति, कस्को घरमा कमैया बस्ने, कस्ले कस्को खेतीपाती गर्ने, अधिया लगाउने, कस्को घर छोड्ने, आदि सबै कुराहरू यसै पर्वको अन्तमा गरिन्छ । यसरी बार्षिक आम्दानी खर्चको हिसाव किताव अर्थात् बर्षको नयाँ खाता खोल्ने र पुरानो खाता बन्द गर्ने कार्य यहि माघिको बेला गर्दछन् ।

सामाजिक रूपमा महत्वपूर्ण रहेको यो माघी पर्व स्थान अनुसार केहि फरक फरक रूपमा मनाउने गरेको पाइन्छ । जस्तैः दाङ टरिगाउं गाउं विकास समिति वडा नं ४ का दयित थारूहरूको माघी पर्व मनाउने परम्परालाई यहाँ बिशेषरूपमा प्रस्तुत गरिने छ ।

टरिगाउँको वडा नं ४ अन्तर्गत पर्ने यस पढ्ढा गाउँमा माघे संक्रान्ती सुरू हुनु भन्दा केहि दिन अगाडिदेखि नै पर्वको लागी सरसमानहरू जुटाउन थाल्दछन् । जस्तै

दाउरा जम्मा गर्ने, जंगलबाट मालुको पातहरू ल्याउने, त्यसको दुना टपरी गास्ने, जांडरक्सी बनाउने, तेल पेल्ने, नदि तलाउमा गएर माछा मार्ने आदि कार्यहरू गर्दछन् । यो पर्वमा सबैले नयाँ नयाँ लुगा लगाउने र मिठो मिठो परिकारहरू खाने गर्दछन् । माघी पर्वको अघिल्लो दिन अर्थात पौष मसान्तको दिन सुंगुर, खसी, आदि काटेर मासु आएर बडो धुमधामसँग मनाउने गर्दछन् । माघीमा दयित थारूहरूले खाने मुख्य परिकारहरूमा चामलको धिकरी, तील, मुरहीको लड्डु र सठौरा आदि बनाउने गर्दछन् । सठौरा बनाउनको लागि यसमा सखरखण्ड, तरूल, फर्सि उसिनेर राख्दछन् । माघ महिनामा नाच्ने नाच मध्ये झुम्रा र छोक्रा नाच प्रमुख हुन् भने दमरू गीत पनि गाइन्छ ।

माघीको पर्वको अघिल्लो, मसान्तको रातभरी नाचगान गरी बिभिन्न थरीका मिठामिठा परिकार खाई रमाइलो गर्दछन् ।[१] अनि माघ १ गते, माघको मुख्य दिन बिहान सबेरै गाउंका मानिसहरू एकत्रित भएर नदी, पोखरी, तलाउ आदि ठाउंमा बाजागाजा बजाउँदै गीत गाउँदै थारूहरू नुहाउन जान्छन् । नुहाइसकेपछि लुगा लगाई नुहाएको जलाशयमा पैसा चढाउंछन् । यो दिन सन्तान नभएकाहरूले र सन्तान भएर पनि नबाँचेकाहरूको श्रीमान श्रीमती नदिको संगममा गई नुहाएर सन्तानको वर माग्ने गर्दछन् । लुगाफाटाहरू सुनपानीले चोख्याई लगाउने गर्दछ । नदीमा स्नान गरिसकेपछि पाको व्यक्तिले चामल पिंधेर बनाएको सेतो टिका लगाउनुको साथै सबैलाई आर्शिवाद दिने कार्य गर्दछन् । त्यस पछि बाजागाजा बजाउँदै नाचगान गर्दै घर फर्किन्छन् । यो पर्वमा बिहाह भइसकेका चेलिवेटी र अरू कन्याहरूलाई चामल, नुनु, र उर्दको दाल र सक्दो पैसा दान भेटी पनि दिने गर्दछन् । जस्लाई निश्राउ कहार्ने (छुट्याउने) भनिन्छ ।[२] यो कार्य गर्दा तीनवटा टोकरीमा चामल, नुन र उर्दको दाल राखी घरमुली (थकाली)बाट सुरू गरि सबै भन्दा कान्छोमा गई अन्त्य गरिन्छ । यस टोकरीबाट सबैले तीन अञ्जुली झिकेर अर्को भाडोमा राखिन्छ । त्यसपछि नाचगान, खानपान सुरू गरिन्छ । यसरी यो क्रम पांच छ दिनसम्म चलिरहन्छ । यसको भोलिपल्ट विहान महतोको घरमा इष्टमित्र, जस्को जग्गा जोतेको छ, जस्को घरमा काम गर्न बसेका छन् त्यो घरमा गई माघी दिवानी (घरमा डिक्री, रोटी, जाँड, रक्सी, मासु आदि पुऱ्याउन जाने चलन छ ।

---

१. हरिराम जोशी, **नेपालका चाडपर्व**, (काठमाडौंः जोशी रिसर्च इन्स्टिच्यूटका निमित्त ई.सुशीलराम जोशी, प्रथम संस्करण, वि.सं. २०६०), पृ. २१९ ।

२. **उही** ।

यो पर्वमा घरमा परिवारले आफुभन्दा ठुलालाई ढोग्ने, आर्शिवाद लिने दिने कार्य गरिसकेपछि गाउँमा सबैसँग ढोगभेट र आर्शिवाद लिने दिने गर्दछन् । यसरी यो चाड वर्तमान समयसम्म पनि महत्वपूर्ण चाडको रूपमा विद्यमान रहेको पाइन्छ । तर यो चाड मनाउने तरिकामा भने केही परिवर्तन आएको पाइन्छ । हाल आएर यो चाडमा थारू थरूनीहरू आफ्नो परम्परागत भेषभुषामा सजिसजाउ नभई केही मात्रामा पहाडी मूलका मानिसहरूको पहिरनमा सजिसजाउ भई गरगहनाले सुसज्जित हुने परिपाटी देख्न थालिएको छ ।

### ५.१.२ अष्टिम्कि (कृष्ण जन्माष्टमी)

यो दिन भगवान श्री कृष्ण जन्मेको दिन हो । यो दिनमा थारूहरूले पनि अष्टमीको पर्व धुमधाम मनाउने गर्दछन् । यो पर्व भदौ महिनामा मनाउने गरिन्छ । यो दिन दयित थारू-थरूनीहरू ब्रत बस्ने गर्दछन् । बिधुवा महिलाहरू यो ब्रत बस्दैनन् । आजभोलि बिशेष गरी बठनिया (युवती) कन्याहरू मात्र यो ब्रत बसी पूजा गर्ने प्रचलन रहेको पाइन्छ । अष्टमीको दिनभर ब्रतालुहरू निराहार बस्दछन् । उनीहरू बिहान नदी, तलाउ वा खोलामा गएर नुहाईधुहाई गरी चोखो कपडा लगाई ब्रत बस्दछन् । बिलुकी सबै ब्रतालुहरू महतौको घरमा जम्मा भएर भित्तामा भगवान कृष्ण चरित्र (जीवनी) संग सम्बन्धित बिभिन्न खाले भित्तेचित्र बनाएर भगवान कृष्णको पूजा गर्दछन् । यसरी चित्र बनाउने काममा बिशेष गरी थरूनी महिलाहरू संलग्न हुन्छन् । भित्ते चित्रमा बिभिन्न रंगहरूको प्रयोग गरी बनाइएको हुन्छ । कृष्णको पूजा गर्ने क्रममा कृष्ण सम्बन्धी गीतहरू गाउँदै कृष्णको आराधना गरिन्छ । उनीहरूले आफ्नो घरको कुलदेवता स्थानबाट पूजा थाल (टपरी) मा चामल, फुल, बत्ति, उखु, अमला, ज्यामिर, धानको बाला, धुप, सिम्रिक, दुबो, काँक्रो, सुपारी आदि राखी महतौको घरमा गई कृष्णाष्टमीको राती सबैजना मिली सामूहिक पूजा आराधना गरी दियो बालि पूजा गर्दछन् ।[३] पूजा गरिसकेपछि फलाहार गर्ने गर्दछन् । रातभरी कृष्णको भजनकिर्तन गर्दछन् । अर्को दिन बिहान खोला, नदी, वा तलाउमा जाने क्रममा मादल बजाउँदै, गीत गाउँदै, नाच्दे फूलपाती सेलाइ सकेपछि नुहाएर घरमा आई फेरी पुजापाठ गर्दछन् । त्यसपछि बिभिन्न

---

३. प्रमिला दयित, टरिगाउँ गाविस वडा नं. ४, स्थानीय बासिन्दाको भनाइमा आधारित ।

थरीका मिठा परिकारहरू बनाएर जस्मा तिन देखि नौ थरीका तरकारी पकाएर खाने गर्दछन् । यसरी बिभिन्न परिकारयुक्त भोजन पछि बजारतिर घुम्न गई रमाइलो गर्दछन् ।

दाङका दयित थारूहरूको यो चाड मनाउने परिपाटी पनि समय अनुसार परिवतर्न हुंदै गएको पाइन्छ । यो चाड विगतमा महतौको घरमा जम्मा भएर मनाउने गर्दथे भने हाल आएर प्राय: आ-आफनै घरमा कृष्णको पूजा आराधना गरी मनाउने गरेको पाइन्छ । यो चाडको क्रममा भित्तामा बनाउने कृष्ण चरित्र सम्बन्धि चित्र परम्परागत रंगहरू प्रयोग नगरी हाल आएर बजारमा पाइने बिभिन्न रंगहरू नै प्रयोग गर्ने गरेको पाइन्छ ।

### ५.१.३ अट्वारी (अत्वारी)

यो चाड हरेक वर्ष भदौ महिनाको कृष्ण जन्माष्टमी पछिको औंसी पछिको पहिलो आइतबारको दिन मनाउने गर्दछन् । आइतबारको दिन ब्रत बसेर मनाउने चाड भएर यस्लाई आत्वारी अर्थात बड्का इतवार भनेको हो भन्ने विश्वास गरिन्छ । यो आत्वारी ब्रत हरितालिका तीजको दिन आइतबार परे सो दिन र सो दिनमा नपरे तीज पछिको आइतबारका दिन आइतबार पारी बस्ने गर्दछन् । यो ब्रत पुरूषहरूले मात्र बस्ने गरेको पाइन्छ । यो पर्व मनाउनुको महत्व बारे थारू समाजमा एउटा धार्मिक कथा पाइन्छ । जसअनुसार एक पटक थारूलाई ठुलो विपत्ति आइपऱ्यो । थारूमाथि दुश्मनहरूको आक्रमणले थारूहरू युद्धमा जित्ने नदेखेपछि त्यसमा थारूहरूले सहयोगको लागि पाँच पाण्डपका भाइहरू मध्ये भीम कहाँ गए । त्यसबेला भीम रोटी पकाउंदै थिए । थारूहरूले आफूसँग सहयोग माग्न आएपछि भीम रोटी पकाउन छोडेर थारूहरूको सहयोगको लागि युद्ध मैदानमा गए । यता भीमको रोटी हेर्न बसेका केहि थारूहरू भीमको रोटी डढ्न लागेको देखेर त्यस रोटीलाई फर्काउन खोज्दा उनीहरूले रोटी फर्काउन सकेनन् र त्यो रोटी त्यहिं डढी रह्यो । उता भीम युद्धमा थाहरूहरूका सबै शत्रुहरूलाई पराजित गरी युद्धमा विजयी भए । यहि समयदेखि भीमको सम्फना र युद्ध जितेको खुसियालीमा यो पर्व मनाउन थालेको विश्वास गरिएको छ ।

यो पर्व दुई दिनसम्म मनाइन्छ । आत्वरीको अघिल्लो दिन अर्थात शनिबारको रात भाले बास्नु अगाडि थारूहरूले दर खाने गर्दछन् । दर खाँदा माछा, मासु, रोटी, भात,

तरकारी आदि बिभिन्न परिकारहरू दरको रूपमा खान्छन् । भोलिपल्ट बिहान अर्थात आइतबारको दिन बिहान नुहाई धुहाई सुद्ध भएर पानी पनि नखाई ब्रत बस्दछन् । ब्रत बस्दा बिहान चुल्होमा चोखो आगो बालिन्छ । यसरी आगो बाल्दा आगोलाई मुखले नफुकि दप्तीले आगो हम्किनु पर्दछ, अन्यथा आगो जुठो भएको मानिन्छ । त्यसपछि अन्दी चामलको रोटी र पाँच पाँच वटा पुरी पकाइन्छ । यसरी भीमलाई चढाउन रोटी, पुरी पकाउंदा नफर्काइ, एकोहोरो पकाएको पहिलो रोटी, पुरी भीमको लागि छुट्याइन्छ । त्यहि रोटी दिउँसो भीमलाई पुजा गरी फलफूलसँगै चढाइन्छ । त्यसपछि बिबाह भएका दिदीबहिनीहरूलाई रोटी, फलफुल, तरकारीहरू छुट्याइन्छ, जसलाई अग्रासन भनिन्छ ।[४] साांझ फेरी नुहाएर भीमको पूजा गरी आगोमा घ्यूको होम गरी जल आचमन गरी फलाहार गर्दछन् । प्रसादका रूपमा रोटी पांच पांच जोडा, अम्बा, दहि आदि आगोमा अर्पण गर्दछन् । यो दिन नुन खाँदैनन् । फलाहार गर्नु अगाडि दुना टपरीमा आफ्ना बिबाहित चेलिवेटीलाई प्रसाद छुट्याइन्छ ।

दोस्रो दिन, अर्थात भोलिपल्ट बिहानै ब्रतालुहरू बिभिन्न प्रकारका मिठा खानेकुरा, माछा, मासु, र बिजोडा संख्यामा तरकारी जस्तैः ३, ५, ७, ९, ११, वा १३ थरीका पकाउँछन् । यसरी खानेकुरा पकाइ सकेपछि अग्नि देवतालाई अर्पण गरि “अग्रासन” का रूपमा छुट्याएर खान्छन् । अग्रासनका रूपमा छुट्याएका सबै खानेकुरामा अरू थपेर बिबाहित चेलिबेटीहरूलाई घर घरमा पुऱ्याउन जान्छन् ।[५]

### ५.१.४ बड्या दश्या (दशैं)

बडादशैं अर्थात **बड्या दश्या** अन्य जातिहरूले मनाउने बिजयादशमीको दिन असोज वा कार्तिक महिनामा मनाउंछन् । यस पर्वलाई दयित थारूहरूले माघीपछिको दोस्रो मुख्य पर्वको रूपमा मनाउने गरेको पाइन्छ । यो पर्व असत्य माथि सत्यको जीतको खुसियालीको रूपमा मनाइन्छ । खेतिपातीको कामबाट फुर्सद भएपछिको पर्व दशैंको एक महिना अगाडिदेखि नै कन्याहरूबाट महाभारत, रामायण, कृष्ण चरित्रसंग सम्बन्धित गीतहरू तथा छोटकीमार (रामायणको लडाइं) गीत गाउँदै, मादल बनाउँदै नाच्ने गर्दछन् । दयित थारूरूले घटस्थापनाको पाँचौ दिन अर्थात् पञ्चमीको दिन श्राद्ध गर्ने

[४]. के.बी.चौधरी, टरिगाउँ गाविस वडा नं. ४, स्थानीय बासिन्दाको भनाइमा आधारित ।

[५]. **उही ।**

गर्दछ । दशैंमा श्राद्ध गर्ने चलन दयित थारूहरूमा मात्र भएको पाइन्छ । पञ्चमीको दिन बिहान दयित थारूहरूले पित्तर देना भनी दाल, भात, तोरीको साग आदिको परिकार पकाई ७ या ९ पुस्ता सम्मलाई पिण्ड दिने गर्दछन् । त्यसको भोलिपल्टदेखि खानपिन, नाचगानको समारोह सुरू हुन्छ । नाचगान भन्दा अगाडि गुरइ (हरया गुरइ) बाट दशैं सुरू हुन्छ । केटीहरू महतौको घरमा नाचगान गर्ने र गाउंलेहरूले पैसा उठाएर महतौको अगुवाईमा पैसा खर्च गर्ने गर्दछन् । त्यसपछि दशैंको चहलपहल सुरू हुन्छ । पञ्चमी या षष्ठीको दिन प्रत्येक घरका गरधुर्याले आफ्ना घर, गुरूवाका घरबाट धूप (मौरीको टाउको कुटेर बनाएको धुलो, ब्रेवरीको फूल, मकैंको जमरा, गाईको ध्यू मिसाएर बनाएको एक प्रकारको धूप) बनाएर वा बनाइएको धूप ल्याई आफ्नो धोह्वारका देवतालाई चढाउंछन् । यो धूप विना दशैंको पूजा हुंदैन भन्ने दयित थारूहरूको मान्यता रहेको छ ।[६] त्यसपछि अष्टमीको दिन घरमूली ब्रतबसी ढिक्री (अनदी चामल वा अन्य चामलबाट बनाएको एक प्रकारको रोटी) बनाएर पुज्ने चलन छ । नवमीको दिन बिहान नुहाई चोखो भएपछि धौह्वारमा पूजा गर्दछन् । अनि घरको देवतालाई कुखुराको चल्ला, भाले, संगुर वलि दिने गर्दछन् । नवमीकै दिन गाउंका महतौको घरमा सबै थारू-थरूनीहरू भेला भई माटोको भांडोमा रक्सी, मकैंको जमरा, दही लिएर टिका थाप्न जान्छन् । महतौंले दही, सेतो अक्षताको टिका लगाई मकैंको जमरा लगाइ दिइसकेपछि जाँड र मासु खान दिन्छन् । महतौले थारूहरूलाई र महतौको श्रीमतीले थरूनीहरूलाई टिका र जमरा लगाई दिने चलन छ । यसरी टिकाटालो र खानपान सकेपछि सांझतिर बाह्रीमा आगो बालि गुरूवाले आगोको अगाडि नयां गुरूवा बन्न चाहने चेलाहरूलाई थारू भाषामा केहि मन्त्र पढाउँछन् । अरूले भने मादल बजाई दिन्छन् । गुरूवा र नवगुरूवा दुबैथरि स्यू स्यू (शिव शिव) भनी कराउन थाल्छन् । केटाहरूले जोशमा बालि राखेको आगोलाई गोडाले निभाई दिन्छन् । यसरी गोडाले आगो निभाउंदा पनि उनीहरूलाई आगोले पोल्दैन भनिन्छ । स्यू स्यू गरी कराउनुलाई थारूहरू “सुस्बैना” भन्ने गर्दछ । केहिवेरसम्म आङ (जिउ) कमाएर सुस्वाएपछि नयां गुरूवा बनाउने बिधि पनि पूरा हुन्छ । यदि नयां गुरूवा बन्ने कोहि छैन भने पूरानो गुरूवानै सुस्वाउँछन् ।

---

६. लक्ष्मण चौधरी, टरिगाउँ गाविस वडा नं. ४, स्थानीय बासिन्दाको भनाइमा आधारित ।

यसरी थारूहरूको दशैं औपचारिक रूपमा नवमीको दिनमा नै पूरा भइसक्छ । खानपान, नाचगान, पूर्णमाससम्म चलिनै रहन्छ । त्यस दिनसम्म महाभारत लडाई (बड्कीमार), रामायणको लडाइं (छोड्कीमार) का खेलहरू, नाटक र नाचगान गरी रमाइलो गर्ने गर्दछन् । यो पर्वको अन्तमा नवबिबाहित केटाहरू ससुराली जांदा भाले, कुर्सी, माछा, सुंगुरको मासु, रक्सी, जांड, गुन्द्री (बिशेष गरी रंगीचंगी) आदि लिएर जान्छन् । तर यो सामान लग्ने चलन स्थान अनुसार फरक फरक रहेको पाइन्छ ।

दयित वा अन्य थारूहरूले दशैंमा आफ्नो पुरानो भएको देवता (घोडा) थानबाट फेर्ने गर्दछन् । केहीले बर्षबर्षमा नयां देवताहरू फेर्दछन् भने केहीले धेरै पुरानो भएपछि मात्र फेर्दछन् । यसरी थारूहरूले देवताको रूपमा स्थापना गर्ने माटोका घोडाहरू कुमालले बनाउने गर्दछ । यसरी स्थापना गरिने घोडाको मुख थारूहरूको आफ्नो जात र थरअनुसार फरक-फरक हुन्छन् । दयित थारूहरूले मात्र पिण्ड दिने र ढिक्री पुज्ने गर्दछन् ।

यसरी यो पर्व थारूहरूले परम्परागत रूपमा बनाउंदै आएको ठूलो पर्वको रूपमा रहेको पाइन्छ । दशै पर्वमा सबै इष्टमित्रहरू जम्मा हुने गर्दछन् । तर यो पर्व मनाउने परिपाटी समयअनुसार परिवर्तन हुंदै आएको पाइन्छ । जस्तैः चामलको सेतो टिकाको सट्टामा रातो टिका लगाउनु, जौंको जमरा लगाउनु इत्यादि ।

### ५.१.५ तिहार

तिहार थारू समुदायको अर्को रमाइलो चाड हो । दशैंको अन्तिम दिन अर्थात कोजाग्रत पूर्णिमाको सोह्रौ दिन कार्तिक कृष्ण औंसीको दिन लक्ष्मी पूजाको दिनदेखि मनाउने गरिएकोले यस पर्वलाई “सोहराई” भनिएको हो । यस चाडमा पहिलो दिन त्रयोदशीमा पिठो कुट्नेलई “पिटकुटी” भनिन्छ । त्यो पिठोको रोटी बनाई पानीमा डुबाएर सुरक्षित गरी पछिसम्म पनि खाइन्छ । चतुर्दशीको दिनमा सबै मिली माछा मार्न जान्छन् । गाई, वस्तु, कृषि औजार, घर दैलो आदिमा पिठो र सिंदुरले बनेको टीका लगाएर सिंगार्ने गरिन्छ । गाई गोरूलाई आँगनमा बाँसको किलो गाडेर बाँधिन्छ र कुभिण्डो, दुबो, नुन मिलाएर खुवाउँछन् । साँझ घरमा पुजा गरी भोलिपल्ट बिहानसम्म महिलाहरूले नाङ्लो ठटाउँदै मन्त्र गाउँदै भूतप्रेत भगाउने र लक्ष्मी भित्र्याउने गर्दछन् । तेस्रो दिन वेसार

राखेर पकाएको भात, रक्सी बनाएको कट् गाई वस्तुलाई खुवाउँछन् र हलो, कुटो, कोदालो, ढिकी, भकारीमा पूजा गर्दछन् । आँगनमा कुखुरा र गाडामा परेवा बलि दिएर पूजा गर्दै जाँड, रक्सी, माछा, मासु खाएर रमाइलो गरेर यो पर्व मनाउँछन् ।

यो पर्व थारू समाजमा सवै जातका थारूहरूले मनाउदैनन, केवल दाङका दयित थारूहरूले मात्र यो पर्व बनाउँदछन् । यो पर्व मनाउँदा दयित थारूहरूले गाई तिहार अर्थात औंसीको दिन बिहान आँगनमा बाँसको लिङ्गो गाडी त्यसमा तोरण (बाम्वेको डोरीमा पिपलको पात, बेवरीको फूल, घनसप्ती, आदि) टांगिन्छ । अनि गाईलाई नुन, रोटी खुवाइन्छ । तिहारमा ढिक्री पुज्ने दिवारि पनि गर्दछन् । यसबेला चारकुने ढिकि बनाई देवतालाई पूजा गरिन्छ । त्यसपछि धोहारमा मदढल्काई (रक्सी, जाँड चढाउने) बिभिन्न परिकार र बिशेष खानपिन गर्दछन् । दयित थारूहरूले भाइटिका पनि गर्ने गर्दछन् । दयित थारूहरूले तिहारको बेला पनि श्राद्ध गरी पिण्ड दान गर्दछन् ।

### ५.१.६ रामनवमी

यो थारू जातिको वर्षभरिको अन्तिम पर्व हो । दयित थारूहरू रामनवमीका दिन व्रत वसी यो पर्व मनाउँछन् । दशैंपछि परेको दुःखको निवारण भई निवारणको लागि गरेको भाकल यसै चाडमा बलि चढाउने गर्दछन् । कसरा स्थित विक्रमबाबा गई आ-आफ्ना भाकल अनुसार पूजा गर्छन् र माडीको “गोद्धक” भन्ने ठाउँमा समेत मेला भर्न जान्छन् ।

थारू समुदायका केही पुराना बुढापाकाहरू आइतवारको दिन बुढवा इतबार भनी नुहाई-धुहाई गरी ब्रत पनि बस्ने गर्दछन् भने रक्षाबन्धनको दिनमा पुरोहितले गाउँका आफ्ना जजमानहरूलाई धागो बाँधि दिन्छन् र सो वापत दाल, चामल, नुन, बेसार आदि राखी सिदा र भेटी दिने पनि गर्दछन् ।

यसरी विभिन्न समयमा दयित थारू समुदायले आफ्नो विभिन्न चाडपर्वहरू मनाउँदै आइरहेका छन् । थारू नारीको अर्को वास्तविक पर्व र सांस्कृतिक गहना “गोदना” हो । यसमा थरूनीहरूले आफ्नो हात, खुटा, अनुहार र छातिमा काला मसीले लेखी मसिनो सियोले खोपी विभिन्न चित्रहरू कोरेर सिंगार्ने चलन छ । विवाह पूर्व यसरी

खोपिएका केटीहरू चरित्रवत् मानिन्छन् । भूतप्रेतको आँखा लाग्दैन भन्ने मान्यता पनि रहेको छ ।

यसरी थारूहरूको मुख्य पर्वहरूको साथै समय समयमा सानातिना चाडपर्वहरू पनि मनाउँदै आएको पाइन्छ । कतिपय सानातिना पर्वहरू लोप भइसकेको र कतिपय लोप हुने अवस्थामा पुगेको छ । यसरी बिभिन्न थरीका चाडपर्व मनाउंदा थारूहरूले मनोरन्जन गर्ने, खानपिनमा बिशेष महत्व दिएको पाइन्छ । यसरी चाडपर्व, धार्मिक र सांस्कृति उदेश्यले महत्वपूर्ण भए पनि बास्तवमा थारूहरूका यी चाडपर्वले थारूहरूको संस्कृतिलाई छुट्टै पहिचान दिई थारू जातिकै गहनाको रूपमा रहेको छ ।

## थारूहरूले पुज्ने देवी देवताहरू

दयित थारूका गुरूवा पुज्ने गरेका देवगण, थारूहरूका दुईथरी गुरूवा हुन्छन् । त्यस मध्ये पहिलो देशवन्ध्या गुरूवा भनिन्छ जुन गाउंको साझा पूजा, दुईपटक गुऱ्याइ गर्ने, खरिहान बाध्ने, बडका पुजा (ठुलो पुजा) गराउने गर्दछन् । दोस्रोमा घर गुरूवा, जस्ले घर घरमा आइलाग्ने रोगव्याथी, बिध्नबाधाहरू हटाउने, रथचा, मुर्गी लौसार्ने ( कुखुराको चल्ला मन्साउने) वराहको पूजा गराउने, पाती बस्ने (प्रसरित पढ्ने) आदि काम गर्दछन् । पाती बस्दा माटाका पालामा कडुवा तेल (तोरीको तेल) हाल बत्ति बाली त्यस पालालाई धागोमा झुण्ड्याएर थारू भाषामा मन्त्र गुन्गुनाउंदै घडिको लंगुर झुण्डिए झैं हल्लाउंदै ईश्वरसित विरामीलाई सन्चो पारि दिन प्रार्थना गर्दछन् । यसरी पाती बस्नु सबै प्रकारका रोगब्याधी, बिध्नबाधाहरू मन्साउनको लागि अनिवार्य प्राथमिक उपचार मानिन्छ ।

दयित थारूहरूले पुज्ने अनेक देवगणहरू छन् । प्रत्येक दयित थारूहरूको घरभित्र पुज्ने केहि देवता हुन्छन् भने केहि देवता घरको आगनमा र केहि देवताहरू गाउंदेखि अलि पर स्थापना गरिएका हुन्छन् । थारूहरूको घर प्रायः उत्तर-दक्षिण लामो गरि बनाइएको हुन्छ । दयित थारूहरूले घरको सवभन्दा उत्तरको कोठा र कन्हेवा भन्नेहरूले घरको सवभन्दा दक्षिणतिरको कोठामा डरी (माटोबाट बनाएको दराज) ले छुट्याएर दुईवटा कोठाहरू बनाइएको हुन्छ । दक्षिणतिरको कोठाको पूर्वतर्फको कोठाको पश्चिमी भित्तामा जोडेर सानो वेदिका बनाइएको हुन्छ । उक्त बेदिका माथि शित्वा सहितको

चमढाका गुरूवावा बनाई भुण्डयाएको हुन्छ । वेदिका छेउछाउमा पनि बत्ति बाल्दछन् । दयित थारूले आफ्नो घरको अगाडि आगनमा सानो छाप्रो बनाइ सौरा भन्ने दङ्गिशरणलाई स्थापना गरी पूजा गर्ने गर्दछन् । यिनका लागि बाहनको रूपमा घोडा पनि राख्ने गरिन्छ । यी दुईथरी देवता बाहेक गाउंका साझा देवतालाई गाउंदेखि केहि पर रूख वा छाप्रामुनि काठका अनेक थरी किल्ला, पुराना हलो, काठका फलियाका डप्पामा पांचवटा मुखाकृति बनाई गाडेका हुन्छन् । त्यस्लाई " भूइह्याँर" भन्दछन् । यिनीहरूमा पनि बिभिन्न प्रकारका देवताहरू हुन्छन् । भूइह्याँरलाई पांच पाण्डवको प्रतिक मानि तिनीहरूको प्रतिकको रूपमा काठको वेदि बनाइएको हुन्छ । थारूहरू प्रायः एकतल्ले अर्थात भुइतल्ला मात्र भएको घरमा बस्दछन् । यस एकतल्ले घरमा मात्र बस्नुको कारण भूत्वा देवताले गर्दा नै हो भने मान्दछन् । यिनीहरू बर्तमान समयमा धेरै तल्ला भएको घर बनाए पनि घरभित्रको देवताथान भने भुइतल्लामा नै बनाउने गर्दछन् ।

यसै गरि सबै थारूगाउंहरूमा ब्रह्म स्थान, मरूवार (सामुहिक देवथान) स्थापना गरेका हुन्छन् । त्यहाँ प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा २२ देवताहरू स्थापना गरेका हुन्छन् । जस्तैः डहरूचण्डी, पूर्वी भवानी, दनुवा, बाघेमुधि, बहिरा रक्सा, भेर्वा (भैरव), पांचो पाण्डो पन्नवा), बगार (बराह), भूइह्याँर (भूमिवार-भूमिपाल), घरकी मैयाँ (ग्रहमात्रिका), उल्टेका गुनी, चैती बहिन्या, खेक्री आदि ।[७]

## ५.३ टरिगाउँका दयित थारूहरू र सामाजिक परिवर्तन

### ५.३.१ बसाईं सराइ

मानिस, समूह, समुदाय विभिन्न कारणले एक ठाउँबाट अर्को ठाउँमा स्थानान्तरण हुन्छन् । यिनमा कामको खोजी, अवसरको खोजी, सुरक्षा, सरल जीवनयापन, जागिरको सन्दर्भ आदि पर्दछन् । बसाइँ सराइबाट मानिसले आफूले पहिले बसोबास गरेको संस्कृति, चालचलन, जीवन पद्धति, आर्थिक क्रियाकलाप साथै लाने भए तापनि उ जुन ठाउँमा जान्छ त्यहाँ वहुसंख्यकहरूले अपनाएको जीवनशैली, आर्थिक क्रियाकलापमा समाहित हुन पुग्छ । यसो गर्दा उसको संस्कृति, जीवन पद्धतिमा पनि परिवर्तन हुनजान्छ । यस सन्दर्भमा यहाँका दयित थारूहरूको जीवनपद्धति, आर्थिक क्रियाकलापमा पनि परिवर्तन

[७]. कृष्णराज सर्वहारी, **थारू मरूवाका २२ देवीदेवता**, काठमाडौँः गोरखापत्र, २०६९, मंसिर, ३० ।

आएको देखिन्छ । मूल रूपमा टरिगाउँ र त्यस वरपरका क्षेत्रहरूमा बाह्य जिल्लाका मानिसहरूको यहाँ आगमनले यहाँका थारूहरूको जीवनशैलीमा पनि परिवर्तन आएको देखिन्छ ।

### ५.३.२ अन्तरजातीय सम्बन्ध

नेपाल धर्म, संस्कृति, जातजाति, भेषभुषा आदिले अनेकतामा एकता भएको देश हो जहाँ तराईदेखि पहाडसम्म, हिमालदेखि तराईसम्म जहाँ जुन जातिको बसोबास धेरै हुन्छ त्यहाँ त्यही जातजातीको रहनसहन, संस्कृति अन्य जातजातीले पनि अनुशरण गरिरहेका हुन्छन् । उनीहरूले आफ्नो जातभन्दा बाहिर अन्तरजातीय सम्बन्ध स्थापित गर्न पुग्छन् । एक जातिले आफ्नो जातिभन्दा भिन्नै जातिका मानिसहरूसँग विवाह गर्छन् भने त्ययसलाई अन्तरजातीय विवाह भनिन्छ । जस्तैः ब्राह्मण, क्षेत्रीले थारू, मगर, राई आदिसँग विवाह गरेमा त्यसलाई अन्तरजातीय विवाह भनिन्छ । त्यसले अन्तरजातीय सम्बन्ध भेषभुषा, रहनसहन, बसोबास, खानपान आदि सबैमा फरकपन ल्याउँछ । थारूहरूको परम्परा अनुसार उनीहरू भुइँतला भएको, खर वा पाताले छाएको कच्ची लामो, उत्तर दक्षिण लम्बाई भएको घर बनाउने गर्दथे भने हाल पहाडी जातिको देखासिखीले गर्दा दुई तीन तल्ले पक्की ईंटाले बनाएको घर बनाउन थालका छन् । परम्परागत घर उनीहरूको लोप हुने अवस्थामा वा प्रायः लोप भइसकेका छन् । त्यसैगरी अरू जातिहरूले पहिरने पहिरन, गरगहनाहरू थारू जातिले अपनाएको पाइन्छ । अहिले थरूनीहरू साडी, धोती, ब्लाउज आदि लगाउने गर्दछन् भने गहनामा तिलहरी, चुरा, सिन्दुर आदि लगाउँछन् । यस जातिमा महिला भन्दा पुरूषहरू अझ अरू जातिहरूबाट बढी प्रभावित भएको पाइन्छ । उनीहरू आफ्नो मौलिक पहिरनभन्दा बढी अरू नै पहिरन लगाउन बढी मन पराउन थालेका छन् । त्यसैगरी उनीहरू कामको लागि आफ्नो ठाउँ भन्दा बाहिर नजाने थारूहरू अहिले देश-विदेश जान थालेको पाइन्छ । त्यसैगरी टरिगाउँ र त्यस वरपरका क्षेत्रमा बाह्य जिल्लाका मानिसहरूको आगमनले गर्दा यहाँका थारूहरूले आफ्नो जीवनशैली र अन्तरजातीय सम्बन्ध स्थापित गरेको पाइन्छ ।

### ५.३.३ शिक्षा तथा चेतना

शिक्षा नै देश विकासको मूल ढोका हो । शिक्षाले नै चेतना दिने काम गर्दछ । जसले गर्दा हरेक गाउँ, सहरमा विद्यालय, क्याम्पस स्थापना भएका छन् । त्यसैले सरकारले मा.वि.सम्मको शिक्षा पनि निःशुल्क उपलब्ध गराएको छ । शिक्षाले मानसिको जीवनस्तर, आर्थिक स्थिति, खानपान, सामाजिक रहनसहन, भेषभूषामा पनि परिवर्तन ल्याएको छ । अहिले जुनसुकै उमेरमा पनि मानिसले शिक्षा ग्रहण गर्न सक्दछन् । जसले गर्दा निरक्षरको संख्यामा कमी आएको छ । थारूहरूमा पनि निरक्षरको संख्यामा कमी आएको छ । शिक्षा र चेतनाले गर्दा कमलहरि प्रथा, जमिन्दारी प्रथा आदि उन्मूलन भएको छ । आजका थारूहरू आफ्नो व्यवसाय, खेतीपानी, नोकरी, वैदेशिक रोजगार आदिमा गएर स्वावलम्बी भएका छन् ।

टरिगाउँ गाविसका थारूहरूमा पनि शिक्षाको ज्योतीले गर्दा उनीहरूको आर्थिक, सामाजिक र सांस्कृतिक जीवनस्तर निकै माथि उठेको छ । शिक्षाको विकासले गर्दा उनीहरूको कतिपय अन्धविश्वासमा कमी पनि आउन थालेको छ ।

### ५.३.४ सरकारी नीतिमा परिवर्तन

नेपालको जनसंख्यामा थारूहरूले ठूलै भाग ओगटेका छन् । थारूहरू तराईका आदिवासी हुन् । नेपालको दक्षिण सिमानासम्मको नेपालको उब्जाउ जमिन मैदानमा तराईको पूर्वदेखि पश्चिमसम्म नै छरिएर रहेका छन् । थारूहरूले तराईका कैयौं जङ्गहरू फडानी गरी कृषियोग्य तथा उत्पादनशील जमिन बनाई सरकारलाई राजश्व उपलब्ध गराउन उनीहरूको महत्वपूर्ण स्थान रहेको छ । तराईंको समथर भुमिको मालिक मानिएका थारू नयाँ आगन्तुक बासिन्दाका दास बने । राणाहरूको पतनपश्चात अधिकांश थारूहरू मोहिवाल किसान र कमैया बन्न पुगे । जग्गाका मालिक अधिकांश रूपमा पहाडिया टाठाबाठाहरू र प्रशासन संयन्त्रमा पहुँच भएकाहरूको अधिनमा बन्न पुगे । जसले गर्दा सामन्ती, शोषक र जमिन्दारहरूले थारूहरूको सोझोपना, इमान्दारिताको अनुचित लाभ उठाए एकदम दुःख, कष्ट दिन थाले । खास गरेर भूमिसुधार कार्यक्रम लागु हुनुभन्दा पूर्व अरूका जग्गा कमाउने किसानलाई मोहियानी हक कायम भएको थिएन । तर भूमिसुधार ऐन कार्यक्रम लागू भए तापनि कैयौं थारू किसानहरू मोहियानी हकबाट वञ्चित हुन पुगे । सामन्तीहरूको शोषण यति माथिसम्म चलिसकेको थियो कि

भूमिसुधार ऐन लागु भए तापनि मोहियानी हक लागु हुँदैनथ्यो । जसले गर्दा सामन्तीहरूले आफ्नो इच्छा अनुसार उनै सोझा थारूहरूलाई कमरा, कमारीको रूपमा केनबेच गर्न थाले ।

सन् १९५० को दशकपछि थारूहरूको अवस्थामा आमूल परिवर्तन आउन थाल्यो । १९ औँ शताब्दीमा नेपाल राज्यको सुदृढीकरण हुन लागेपछि आफ्ना सामाजिक, सांस्कृतिक कामका लागि उनीहरूको पहुँच बढ्न थाल्यो । जसको कारणले विभिन्न थारू समुदायहरूको बीच सम्पर्क पनि बढ्न गयो । त्यसैगरी शासन व्यवस्थामा आएको परिवर्तन सबैभन्दा महत्वपूर्ण परिवर्तन हो । जसले गर्दा अनेकतामा एकता र सबै जातिहरूमा समान व्यवहार र अधिकारमा जोड दिन थालियो । यसै कुराको आधारमा नेपालको संविधान २०१९ ले कानुनका दृष्टिमा सबै नेपाली समान र सार्वजनिक सेवामा नियुक्ति गर्दा नेपाली बीच विभेद गरिने छैन भन्ने कुरा नेपालको संविधान २०४७ ले पनि पुनः सुनिश्चित गऱ्यो । त्यसैगरी औंलो उन्मूलन कार्यक्रमले तराईमा धेरै कुरामा परिवर्तन ल्यायो । जसले गर्दा नेपालको राजनीतिक विकासक्रम र विकास निर्माणमा एक सकारात्मक कदम थियो । यसैको फलस्वरूप वि.सं. २००४ र २००५ मा परोपकार औषधालय र थारू कल्याणकारिणी सभा नामक संस्थाहरूको स्थापना भए ।

अहिले वर्तमान समयमा सरकारी नीतिको परिवर्तनले गर्दा थारू जातिलाई एक स्वतन्त्र जातिको रूपमा स्थापित गरेको छ । विभिन्न संघ, संस्था, एनजिओ, आइएनजिओले थारू जातिको उत्थानको कार्यक्रमहरू अगाडि बढाएको छ । अहिले पनि कतिपय थारूहरू कमैया र कमलहरी भएर बसेका छन् । हाल एफ.एन.सी. भन्ने एक गैरसरकारी संस्थाले गाउँ गाउँमा गई कमलहरी भएकाहरूलाई छुटाएर कमलहरी मुक्त क्षेत्र बनाउने गरेको छ । सरकारले पनि देशबाट कमलहरी उन्मूलन गर्ने नीति ल्याएको छ । दाङलाई अहिले कमलहरी मुक्त क्षेत्र घोषणा गरिएको छ । सरकारी नीतिको परिवर्तनले गर्दा त्यस क्षेत्रका बासिन्दाको शिक्षा, चेतना, खानपान, आर्थिक, सामाजिक, राजनैतिक स्थितिमा परिवर्तन ल्याएको छ । यसको फलस्वरूप दाङको टरिगाउँ गाविसमा रहेका बासिन्दाहरू त्यसबाट अछुतो रहेका छैनन् । त्यहाँका थारूहरू हाल कमलहरी र कमैया मुक्त भएर आफ्नो स्वावलम्बी जीवन व्यतित गरिरहेका छन् ।

### ५.३.५ राजनीतिक परिवर्तन

राजनीति एउटा यस्तो चीज हो जसलाई मानिसले चाहे पनि नचाहे पनि उसलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रभाव पारिरहेकै हुन्छ । संसारको कुनै पनि प्रणाली यसबाट अछुतो रहन सक्दैनन् । किनकि मानिसको हरेक क्रियाकलाप राजनीतिसँग जोडिएको हुन्छ । प्रत्येक गाउँ समाजमा राजनीतिको प्रभाव परेको हुन्छ, जसको प्रभाव थारू जातिमा पनि परेको छ । माओवादी जनयुद्धमा धेरै थारूहरूले आफ्नो योगदान दिएका थिए । जमिन्दारको शोषण, सामन्तीहरूको शोषण, सरकारले गरेको दमनबाट कति थारूहरू माओवादी जनयुद्धमा होमिए । जसले गर्दा आज आएर जनयुद्ध सफल भई देशको सत्ता चलाउन सक्षम भएका छन् । त्यसैगरी राजतन्त्रको अन्त्य भई गणतन्त्रको स्थापना भएपछि थारूहरूको राजनीति गतिविधि एकदमै तिव्रगतिमा भयो । कतिपय थारू थरूनीहरू देशका सभासद, मन्त्री भई देशको प्रतिनिधित्व गर्ने अवसरहरू समेत प्राप्त गरे ।

दाङका थारूहरूले पनि राजनीतिक परिवर्तनबाट आफूलाई उन्नति र प्रगतितिर उन्मूख गराएका छन् । टरिगाउँ गाविसका थारूहरू पनि आफ्नो गाविसमा प्रतिनिधित्व गरिरहेका छन् । उनीहरूले आफै गाउँको विकास, आर्थिक र सामाजिक क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याइरहेका छन् ।

### ५.३.६ यातायात, संचारको विकास

मानव चेतनशील प्राणी हो । जंगली युगदेखि आजसम्म आइपुग्नमा विज्ञान प्रविधिको महत्वपूर्ण स्थान रहेको छ । आज मानव यातायातको सुविधाले गर्दा एक ठाउँबाट अर्को ठाउँमा सजिलै पुग्न सक्छन् । त्यसैगरी संचारले गर्दा एक ठाउँको मानिस र अर्को ठाउँको मानिस बीचमा सजिलैसँग कुराकानी र सम्पर्क गर्न सक्छन् । यति मात्र नभएर मानिस चन्द्रमासम्म पनि पुगिसकेका छन् । यो सबै कुरा मानिसको नयाँ सोचले गर्दा हो । आज देशको हरेक स्थानमा यातायात र संचार पुगेको छ । जसले गर्दा देशको जनताको आर्थिक क्रियाकलापमा प्रभाव पारेको छ । देश विकासको लागि सडक, यातायात, संचार आदि मुख्य विषय हुन् । यातायातको विकास भएपछि मासिन विभिन्न ठाउँमा गएर आर्थिक क्रियाकलाप, बसोबास, नोकरी, शिक्षा आदि लिने गर्दछन् । जसले

गर्दा उनीहरूको शिक्षा, चेतना, खानपान, बोली व्यवहार, पहिरन शैली आदिमा सबैमा परिवर्तन आउँदछ । त्यसैगरी संचारको विकासले गर्दा उनीहरू जति टाढा भए पनि एक आपसमा नजिक हुन पुग्छन् । सन् १९७० को दशकपछि कम्प्युटरको विकास र सन् १९९३ मा इमेलको आगमनले विश्वलाई नजिक बनाइएको छ ।

दाङ जिल्लामा पनि यातायात र संचारको विकास हुँदै आइरहेको छ । यो जिल्लामा सुदूरपश्चिमलाई जोड्ने महेन्द्र राजमार्ग रहेको छ । यो राजमार्गले लुम्बिनी र भेरी अञ्चलको सिमानालाई जोड्दछ । त्यसैगी घोराहीदेखि तुल्सीपुरसम्म पक्की सडक निर्माण भएको छ । यहाँको धेरैजसो सडकमा कालोपत्रे ओछ्याइएको पाइन्छ । टरिगाउँ गाविसका मुख्य सडकहरू पक्की छन् भने भित्री सडक कच्ची रहेको पाइन्छ । जसले गर्दा गाउँ गाउँमा यातायातको साधन पुग्ने गर्दछ ।

त्यसैगरी टरिगाउँमा दाङ जिल्लाको एक मात्र विमानस्थल रहेको छ । त्यसैगरी संचारको विकास पनि द्रूतगतिमा अगाडि बढेको छ । यहाँ टेलिफोन सेवा, मोबाइल सेवा, इन्टरनेट सेवा आदि गाउँ गाउँमा पुगेको छ । यहाँ नेपाल टेलिकन, हलो नेपाल, एन.सेल कम्पनीबाट मोबाइल सेवा र इन्टरनेट सेवा उपलब्ध गराइएको छ । जसले गर्दा टरिगाउँमा हरेकको घरघरमा फोन, मोबाइल सेवाहरू उपलब्ध भएका छन् । यस गाउँका थारूहरू पनि यस सेवाबाट वञ्चित छैनन् । उनीहरूको घरघरमा टेलिफोन सेवा, इन्टरनेट सेवा र मोबाइल फोन उपलब्ध छन् ।

### ५.३.७ द्वन्द्वको प्रभाव

नेपालमा २०५२ देखि सरकार र सशस्त्र माओवादी बीच भएको द्वन्द्वले सामाजिक जीवनमा ठूलो परिवर्तन ल्यायो । यस प्रकारको द्वन्द्वले यहाँको थारू समाजमा पनि प्रभाव पारेको देखिन्छ । खासगरी महिला, उत्पीडन, छुवाछुत, जातीय र वर्गीय भेद, शोषण, सामाजिक बनाटमा प्रभाव पारेको देखिन्छ ।

# छैटौं अध्याय
# सारांश तथा निष्कर्ष

## ६.१ सारांश

राप्ती अञ्चलमा पर्ने पाँच जिल्लामध्येको एक दाङ जिल्लाको सबैभन्दा प्राचीन जातिका रूपमा रहेको थारू (चौधरी) समुदायको दाङमा आफ्नै ऐतिहासिक महत्व रहेको छ । कुनै समयमा दाङ उपत्यकाको अधिकांश भाग थारू जातिकै विर्ताको रूपमा रहेको पाइन्छ । लामो समयसम्म थारू जनजातीकै अत्यधिक वाहुल्यता रहेको कारणले यी जातीको धर्म र संस्कृतिको कुनै बाह्यको प्रभाव परेको पाइँदैन । यसो हुंदा पनि दयित थारू जातिको आफ्नो मौलिक तथा बिशिष्ट खालको संस्कृतिले निकै मौलाउने अवसर पाएको देखिन्छ ।

दयित थारूहरू धार्मिक देवताहरूमा अत्यन्त बिश्वास गर्ने गर्दछन् । यी जातिको संस्कृति परम्परा प्रायः महाभारत र रामायणबाट निर्देशित भएको पाइन्छ । सामुहिक भावनाका धनी यी जातिले एक आपसमा सरसल्लाह गरेर नै आफ्नो अनेकन रीतिरिवाज, चाडपर्व र परम्पराहरू सम्पन्न गर्ने गर्दछन् ।

समाजमा आफ्नो जातीय बाहुल्यता रहंदासम्म त्यो जातिको संस्कार, चाडपर्व र रहनसहनमा बाह्य प्रभाव पर्न पाएको थिएन । तर तर जब पहाडी क्षेत्रहरूबाट अन्य जातजातीका मानिसहरू दाङ उपत्यकामा बसाइ सरेर आउने क्रम बढ्दै गयो तब थारू संस्कृति पनि बाह्य प्रभावबाट अछुतो रहन सकेन । फलस्वरूप बाह्य प्रभाव सबैभन्दा चांडै थारू समुदायको भेषभूषा अर्थात् आभुषण, तिनीहरूको संस्कार र चाडपर्व मनाउने परम्परामा पऱ्यो भन्दा अत्युक्ति नहोला । भेषभूषाको रूपमा थारू जातिका पुरूषहरूले शीरमा सेतो टोपी, टाउकोमा सेतै फेटा बाँध्ने गर्दथे । शरीरमा सेतो धोती र कट्टुको रूपमा सेतो कपडाको भेग्वा लगाउँथे । सेतो भोटोको बाहिर कालो रंगको जुवारीकोट पनि लगाउँदथे । यसको अतिरिक्त यस जातिले अरू कपडाहरू प्रयोग गर्दैनथे । दयित थारू महिलाहरूले पनि एकसरो सेतो कपडा गोन्या लगाउंथे भने बाहुला नभएको प्रायः कालो रंगको चोली लगाउँथे । साथै बर्कीको गट्या पनि प्रचलनमा थियो ।

यसरी दाङ टरिगाउँका सबै थारूहरूको एकै प्रकारको सामाजिक, सांस्कृतिक रहनसहन हुँदाहुँदै पनि दयित थारूहरूको सामाजिक, सांस्कृतिक, रीतिरिवाज अनि

चाडपर्व अरू थारूहरू भन्दा अलि बेग्लै किसिमको रहेको पाइन्छ । उनीहरू होली मनाउँदैनन् तर माघी, दशैं, तिहार, चैतेदशैं आदि जस्ता चाडपर्वहरू धुमधामसँग मनाउने गर्दछन् । उनीहरू दशैं र तिहारमा आफ्ना सातपुस्ताका पितृहरूलाई पिण्ड दिने गर्दछन् जुन अरू थारूहरूमा पाइँदैन । त्यसैगरी उनीहरूले आफ्नो घरको आँगनमा सानो देवताथान बनाई (मन्दिर) त्यहाँ माटोको घोडाको मूर्ति राखी पुज्ने गर्दछन् । उनीहरूले त्यो घोडा हरेक दशैंमा फेर्ने पनि गर्दछन् ।

## ६.२ निष्कर्ष

मानिसको पहिरनमा हावापानी, नजिकैका समुदायहरूको रहनसहन, आधुनिक रूपमा बिकसित हुंदै गएको प्रबिधिको प्रयोग जस्ता कारणहरूले उसको संस्कृतिमा ठुलो परिवर्तन ल्याउँछ । प्रायः सेतो रंगको मात्र कपडा प्रयोग गर्ने भएको हुनाले यो प्रचलन आधुनिक रंगीचंगीको जमानामा धेरै टिक्न नसकेको स्वाभाविकै हो । फलस्वरूप थारू भेषभुषामा आज थारू समाजबाटै लोप भएर गइसकेका छन् । केही बृद्ध तथा बुढाबुढीहरूमा मात्र आंशिक रूपमा मुश्किलले देख्न पाइन्छ ।

जसरी भेषभूषामा आधुनिकताको प्रभाव पऱ्यो त्यसैगरी आभुषणमा पनि त्यसको प्रभाव रह्यो । लाहाका चुरा, चाँदीका तऱ्या, लामा लामा पोटेको माला आदि गहनाको ठाउंमा आधुनिक गहना र अन्य जातिको गहना र श्रृंगारहरूले ठाउं लिएको पाइन्छ ।

त्यसैगरी थारू समुदायको परम्परागत संस्कार र चाडपर्वमा पनि आजको आधुनिक समाजको प्रभाव परेको पाइन्छ । थारूहरूले बच्चा जन्मेपछि जात कर्म गर्ने परम्परा रहेको छ । तर नाम राख्ने, पास्नी गर्ने प्रचलन छैन । तर आधुनिक समाजको र अन्य जातजातीको प्रभावले गर्दा थारूहरूले पनि पास्नी, न्वारण गर्ने प्रचलन देखा पर्न थालेको पाइन्छ । जस्ले गर्दा थारू जातिको मौलिक संस्कार जातकर्म संस्कार भने हराउंदै गएको पाइन्छ ।

यसैगरी परम्परागत बिबाह प्रणालीमा पनि आजको समाजको समय सापेक्ष र व्यवहारिक पनि हुन सकेको छैन । फलस्वरूप त्यसता परम्परागत संस्कारहरू जीवन्त रहन पनि सकेको छैन । केटा र केटीको सहमती बिना बिबाह हुने, बिबाह घरको थकालीको इच्छा अनुरूप हुने, बाल बिबाहको प्रचलन, सट्टा बिबाह, झागा तिर्ने आदि जस्ता परम्परागत प्रचलनहरू जस्ले गर्दा बिबाहको बारेमा केटा वा केटीले कुनै स्वतन्त्र

रूपमा सोच्नै नपाउने, बिबाहको लामो प्रक्रिया, जांडरक्सीको अत्यधिक प्रचलन, अनाजको ज्यादै खर्च आदि थारू जातिको बिबाह पद्धतीका केहि नकरात्मक पक्षहरू हुन । त्यस्ता नकरात्मक पक्षहरू बदलिंदो समयको साथै परम्परागत शैलीमा परिवर्तन हुंदै आएको छ र थारू जातिहरूमा परम्परागत शैलीमा बिबाह गर्ने प्रचलन बिस्तारै हराउंदै गएको देखिन्छ । आधुनिकता र सरलतालाई अँगाल्नुको साथै अन्य जातिहरूको देखासिकी पनि गरेको पाइन्छ ।

यसै गरी मृत्यु संस्कारमा पनि परम्परागत प्रचलनहरू बिस्तारै हराउंदै गएको पाइन्छ । थारूहरूले मृत्यपछि खाडल खनेर गाँड्ने, जुठो बार्ने आदि कार्यहरूमा अहिले आएको नदीको किनारमा लगेर जलाउने, अन्य जातजातीको अनुशरण गर्दै आएको पाइन्छ । त्यसै गरी चाडपर्वहरू मनाउने कुरामा पनि थारूहरूले परम्परागत शैलीलाई पछ्याउनु भन्दा आधुनिक शैली र अन्य जातजातीको चाडपर्वहरूलाई समेत अनुशरण गर्दै आएको पाइन्छ ।

हाम्रा परम्परागत सामाजिक पद्धति तथा रहनसहनमा धेरै नकरात्मक पक्षहरू देखिए तापनि तिनमा निकै सकरात्मक पक्षहरू पनि मौजुद थिए । आज हाम्रो समाजमा आधुनिकताको नाममा प्रायः सबै जाति तथा समुदायका संस्कृतिमा बिदेशी तथा पश्चिमी संस्कृतिको अतिक्रमको कारणले बिभिन्न जातीय संमुदायहरूको संस्कृति लोपोन्मुख अवस्थामा पुगेको छ । आजको बिश्वको सामु बैग्लै राष्ट्रको रूपमा नेपाललाई चिनाउन नेपाल मित्रका बिभिन्न जात जातीको मैलिक सांस्कृतिक परम्पराले गर्दा नै हो भने कुरामा दुईमत नहोला । नेपालभित्रका सबै जातजातीको मौलिक संस्कृति बास्तबमै नेपालको सांस्कृतिक निधि हो ।

थारू समुदाय् नेपालको अनेक जातीय समुदाय मध्येको एक हो । र आज थारू समुदाय लगायत नेपालका अन्य थुप्रै जातजाती तथा समुदायहरूको लोपोन्मुख अवस्थामा पुगेका संस्कृतिहरूको संरक्षण र सम्वर्द्धन गर्नु अत्यन्त आवश्यक रहेको छ । जुन हाम्रो लागि एक ठूलो चुनौतीको रूपमा अगाडि आएको छ । यसको निम्ति आजका युवापिंढीले समाजका हरेक क्षेत्रमा जागरण, खोज र जगेर्ना गर्ने पर्छ । आफ्नो मौलिक पहिचानलाई कायम गर्ने पर्छ । यो नै आजको समयको माग पनि हो, नेपाल र नेपालीको लागि गौरवमय पहिचान पनि यही हो ।

# परिशिष्ट - १

## प्रश्नावली

१. दयित थारू र अन्य थारूहरूमा के भिन्नता छ ?

२. दयित थारूहरूले बसोबास गर्ने ठाउँहरू कहाँ कहाँ हुन् ?

३. दयित थारू र अनय थारूहरूमा के के कुरामा समानता छ ?

४. दयित थारूका थरहरू के कति हुन्छन् ?

५. यहाँका थारूहरूका घरेलु इलममा परिवर्तन आएको छ कि छैन ?

६. दयितहरूका मुख्य पेशा के के हुन् ?

७. दयितहरू जन्म संस्कार कसरी गर्दछन् ?

८. यिनीहरूका वैवाहिक संस्कारका विधि-विधान के कस्ता छन् ?

९. दयित र अन्य थारूमा मृत्यु संस्कार बारे के कस्ता धारणा छन् ?

१०. माघी संक्रान्तिलाई थारूहरू किन महत्व दिन्छन् ?

११. यहाँका थारूहरूका मुख्य संस्कार र चाडपर्व के के हुन् ?

१२. थारूहरूका मुख्य देवीदेवता के के हुन् ?

१३. वर्तमानमा थारूहरूमा परिवर्तनको स्वरूप कस्तो छ ?

१४. २०६२/०६३ को परिवर्तनले ल्याएका परिणाम कस्ता छन् ?

१५. सशस्त्र द्वन्द्वले ल्याएका सकारात्मक परिवर्तन बारे के धारणा छ ?

## परिशिष्ट - २

## अध्ययन अनुसन्धानको क्रममा शोधकर्ताले अन्तरवार्ता लिएका सम्बन्धित विज्ञ तथा ज्ञाताहरूको नामावली

| क्र.सं. | नाम | उमेर | ठेगाना |
|---|---|---|---|
| १. | अशोक चौधरी | ६८ | नारायणपुर, दाङ |
| २. | के.बी मसला | ५६ | घोराही, दाङ |
| ३. | चन्द्र प्रसाद थारू | ६१ | नारायणपुर, दाङ |
| ४. | जनक चौधरी | ५५ | सुकौरा |
| ५. | के.बी.चौधरी | ४१ | टरिगाउँ, पढ्ढा |
| ६. | प्रमिला दयित | ३८ | टरिगाउँ, पढ्ढा |
| ७. | मनपराया चौधरी | ५८ | टरिगाउँ, पढ्ढा |
| ८. | बीरबहादुर चौधरी | ६२ | टरिगाउँ, पढ्ढा |
| ९. | पद्मा चौधरी | ४२ | टरिगाउँ, पढ्ढा |
| १०. | तिर्थराज चौधरी | ४२ | टरिगाउँ, कपडादेवी |
| ११. | दिपलाल चौधरी | ५१ | टरिगाउँ, पढ्ढा |
| १२. | मानबहादुर चौधरी | ५५ | टरिगाउँ, पढ्ढा |
| १३. | लक्ष्मण चौधरी | ५९ | टरिगाउँ, पढ्ढा |
| १४. | उर्मिला चौधरी | ३५ | टरिगाउँ, पढ्ढा |
| १५. | सुमित्रा चौधरी | ३६ | टरिगाउँ, पढ्ढा |

## सन्दर्भसामग्रीहरू


**नेपाली तथा अङ्ग्रेजी**

अधिकारी, सूर्यमणि, **बाइसे राज्यको इतिहास,** काठमाडौँः भूँडीपुराण, वि.सं. २०६० ।

उक्याव, ताम्ला र श्याम अधिकारी, **नेपालका आदिवासी जनजातीहरू,** काठमाडौँः राष्ट्रिय जनजाति विकास समिति, वि.सं. २०५७ ।

केन्द्रीय तथ्याङ्क विभाग, **घरधुरी सर्वेक्षण टरिगाउँ गा.वि.स.,** २०६५ ।

गौतम, टेकनाथ, **थारू जातिको इतिहास एवं संस्कृति (थारू पुराण)**, दाङ, शुशिल कुमार गौतम, बगियापुर, वि.सं. २०४४ ।

गौतम, टेकनाथ, **राप्ती अञ्चलको इतिहास,** वाराणसी, अजय प्रिन्टर्स, वि.सं. २०५० ।

घिमिरे, देबेन्द्र, **थारू आदिवासी नेपाल,** गोमादेवी चापागाईं, वि.सं. २०५२ ।

चौधरी, महेश, **नेपालको तराई तथा यसका भूमिपुत्रहरू,** शान्ति चौधरी, ग्रामीण महिला विकास समाज, पहिलो संस्करण, वि.सं. २०६४ ।

जोशी, हरिराम, **नेपालका चाडपर्व,** काठमाडौँः जोशी रिसर्च इन्स्टिच्यूटका निमित्त ई.शुशीलराज जोशी, प्रथम संस्करण, वि.सं. २०६० ।

थारू, अशोक, **थारू लोक साहित्यमा इतिहास, कला र दर्शन,** दाङः तुलसीपुर परिवर्तनका संवाहकहरूको मञ्च, वि.सं. २०६३ ।

दिवस, तुलसी र प्रमोद प्रधान, **थारू लोक वार्ता तथा लोक जीवन,** काठमाडौँः नेपाली लोक वार्ता तथा संस्कृति समाज, वि.सं. २०६५ ।

पाण्डे, रामनिवास र दिनेशचन्द्र रेग्मी, **नेपालको पौराणिक इतिहास,** काठमाडौँः नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय कीर्तिपुर प्रथम संस्करण, वि.सं. २०५४ ।

बिष्ट, डोरबहादुर, **सबै जातको फूलवारी,** काठमाडौँः साझा प्रकाशन, वि.सं. २०३९ ।

वज्राचार्य, धनवज्र, **लिच्छविकालका अभिलेख,** काठमाडौँः नेपाल र एशियाली अध्ययन संस्थान, वि.सं. २०३० ।

रजौरे, द्रोणप्रसाद, **थारू जातिको अध्ययन,** काठमाडौँः नेपाल र एशियाली अनुसन्धान केन्द्र, वि.सं. २०५७ ।

लामिछाने, भरतप्रसाद, **संस्कृति र संस्कार,** अनुष्ठान प्रकाशन, वाराणसी उ.प्र.प्रथम संस्करण, २०६३ ।

लामा (तामाङ्ग), चूडादेव सिंह, **नेपालका आदिवासी तथा जनजाती संस्कार, एक परिचय,** काठमाडौँ: नेपाल तामाङ्ग गुम्बा सेवा केन्द्र, केन्द्रिय कार्यालय, वि.सं. २०६५ ।

शर्मा, जनकलाल, **हाम्रो समाजः एक अध्ययन,** काठमाडौँ: साझा प्रकाशन, तेस्रो संस्करण, वि.सं. २०५८ ।

शर्मा, नगेन्द्र, **नेपाली जनजीवन,** काठमाडौँ: साझा प्रकाशन, वि.सं. २०६३ ।

शर्मा, मेदिनी प्रसाद, **थारू जाति एक अध्ययन,** विराटनगरः पूर्वाञ्चल साहित्य प्रतिष्ठान, दोस्रो संस्करण, वि.सं. २०६० ।

सूचना विभाग, **मेचीदेखि महाकाली भाग ४,** सुदूरपश्चिमाञ्चल विकास क्षेत्र, संचार मन्त्रालय, वि.सं. २०३१ ।

Bista, Dor Bahadur, **People of Nepal,** Kathmandu: Ratna Pustak Bhandar, A.D. 1976.

Chaudhary, Shankar Lal, **Socio-economic Status of Dangaura Tharus,** Kanchira W.N. 8 V.D.C. Banerjhula Saptary, A.D. 1999.

**पत्रपत्रिकाहरूमा प्रकाशित लेखहरू**

गुरूङ, जगमान, “थारू शब्दको अर्थ”, **प्रज्ञा** वर्ष- १०, अंक- ३, वि.सं. २०३८ ।

चौधरी, श्रवण, “थारू जातिको संस्कृति र चाडपर्वहरूको छोटो परिचय, हाम्रो सम्पादा”, वर्ष- ७, अङ्क- ८, पौष वि.सं. २०६४, पृ. ५४-५७ ।

चौधरी, दिपलाल, “थारू समाज र गुरूवा, बैद्यको महत्व”, **दाङ्ग गोरक्ष राष्ट्रिय दैनिक**, वि.सं. २०६७, पुस २९ ।

डि.पि., कृष्णराज, “थारू जातिबाट हामीले पाठ सिक्नु पर्छ”, **दङ्गिशरण थारू राजा सुकौरा महोत्सव, स्मारिका**, वि.सं. २०६३, पृ. १६-१७ ।

दयित, गोपाल, “इन्डिजिनस इथ्निक थारू एण्ड दियर मदरल्याण्ड”, **गुर्वावा**, वर्ष- ३, अङ्क- २, भदौ-मंसिर, वि.सं. २०६५, पृ. ३-११ ।

बराल, ईश्वर, "थारू जाति र तिनको संस्कृति", **नेपाल सांस्कृतिक परिषद् पत्रिका**, वर्ष- १, अङ्क- १, वैशाख, वि.सं. २००९, पृ. ४२-५२ ।

सर्वहारी, कृष्णराज, "थारू मरूवाका २२ देवीदेवता", **गोरखापत्र**, मंसिर ३०, वि.सं. २०६९ ।

सुवेदी, राजाराम, "दङ्गिशरण राजा", **गरिमा**, वर्ष- १५, अङ्क- ८, पूर्णाङ्क- १७६, साउन, वि.सं. २०५४, पृ. १०५-१०९ ।

<u>अप्रकाशित शोधपत्र</u>

बुढाथोकी, घनश्याम, "दंगाली थारूहरूको परम्परागत भेषभूषा, आभूषण र विवाह संस्कार, एक अध्ययन", एम.ए. संस्कृति केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुरमा प्रस्तुत गरेको (अप्रकाशित शोधपत्र), वि.सं. २०६१ ।

## दयित थारूहरूको संस्कृति झल्कने तस्बीरहरू




चित्र नं. १- ऐतिहासिक थारू राजा दङ्गिशरण



चित्र नं. २- ऐतिहासिक सुकौराकोट (गढी)



चित्र नं. ३- सुकौराकोटको उत्खनन कार्य गरिँदै



चित्र नं. ४- उत्खननबाट प्राप्त सामग्रीहरू



चित्र नं. ५- परम्परागत गहनामा सजिएको थारू महिला



चित्र नं. ६- सिक्काको औंठी



चित्र नं. ७- खुट्टामा लगाउने टरिया



चित्र नं. ८- परम्परागत पोशाक र गहना लगाएका थारू महिलाहरू



चित्र नं. ९- परम्परागत पोशाक लगाएमा थारू पुरूषहरू



चित्र नं. १०- ढकिया र बेरा



चित्र नं. ११- माछा मार्ने सामग्री



चित्र नं. १२- घर आँगनको देवथान



चित्र नं. १३- घोडाको मूर्ति



चित्र नं. १४- थारू घरभित्रको देउरहार



चित्र नं. १५- भैरवथान



चित्र नं. १६- अष्टिम्किको भित्तेचित्र



चित्र नं. १७- अन्न भण्डारण गर्ने डरी



चित्र नं. १८- मालुको पात



चित्र नं. १९- मालुको पातबाट बनाइएको दुना



चित्र नं. २०- चाडपर्वको बेला बनाइने ढिकरी



चित्र नं. २१- माघीमा खानपिन गर्दै थारू महिला



चित्र नं. २२- माघी पर्वमा नाच नाच्दै गरेको थारू युवायुवतीहरू



चित्र नं. २३- जाडोयाममा ओढिने परम्परागत ओढ्ने गत्या